अन्तिम लेखापरीक्षण प्रतिवेदन

कपुरकोट गाउँपालिका
सल्यान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

कपुरकोट गाउँपालिका

सल्यान

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

कपुरकोट गाउँपालिका

सल्यान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ ज्येष्ठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ३६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

कपुरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कपुरकोट, सल्यान ।

१. **कैफियत सहितको राय –** हामीले कपुरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ८४ लाख ३४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.८ लाख ३४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३० लाख ९२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १६ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ७५ हजार र पेश्की बाँकी रु.२ करोड समेत गरी यस वर्ष रु.४ करोड ७६ लाख बेरुजू कायम रहेको छ । कपुरकोट गाउँपालिकाको गतवर्ष सम्म रु.९ करोड ३१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३

करोड ७६ लाख ३१ हजार रहेको छ । **कपुरकोट गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने कपुरकोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कपुरकोट गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

कपुरकोट गाउँपालिका,
सल्यान जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६०	७८	४८४३४	०	४	८३४	६०	७४	४७६००	३०९३	२८७५	२१६३२	०	०	२४५०७	२००००

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सल्यान	९००३१	०	०	९००३१	०	४७६००	१३७६३१

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम (रु.)
	२०७९।८० (चालु वर्षको) प्रतिक्रियाबाट			
१	०७९।८०	७.१	जिन्सी सामान पाम्समा दाखिला भएको प्रमाण पेश	१७९६००
२	०७९।०८०	१२.३	राजश्व दाखिला भएको	४८२६
३	०७९।०८०	१८.८	गायत्री आ वि को विज्ञान प्रयोगशाला निर्माण कार्य सम्पन्न पेश	६५००००
	चालु वर्षको जम्मा			८३४४२६
	गत विगतको जम्मा	-	-	-
	कुल जम्मा	-	-	८३४४२६

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपातिक समावेशी र न्यायोचित वितरणद्धारा कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप ३ तहको सरकार विचको सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा यस गाउपालिकाको स्थापना भएको हो । कर्णाली प्रदेश, सल्यान जिल्ला स्थित १७,५४८ जनसंख्या भएको यो गाउपालिकामा ११९.२१ वर्ग कि.मि. क्षेत्रफल र ६ वडा रहेका छन ।

(ख) लेखापरीक्षणको उद्देश्य – लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि – यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९। २३ देखि २०८०।९। २४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि – लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा – लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति – कार्यालयको प्राप्ति तथा भुक्तानी तर्फ रु.१ अर्व २ करोड १७ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली – लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षाको रु.२,५२,१२२।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **प्राप्ति तथा भुक्तानी हिसाब** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम कपुरकोट गाउपालिका सल्यानले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८० मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था संलग्न अनुसुचि बमोजिम रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६,७६,११,२७७/- , एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम रु.२,६४,७४,७४७/- ,आन्तरीक मामिला तथा कानुन मन्त्रालय रु.४८,००,००/- गरी रु.९,४५,६६,०२४/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा संलग्न अनुसुचीअनुसार गत वर्षको जिम्मेवारीमा फरक नपरेको तर यस वर्षको प्राप्ति रु.९,३३,१२,९९०।९९ यस वर्षको भुक्तानी रु.९,२९,३८,२१०।३१ र बैङ्क मौज्दात रु.४,०१,७८१।६५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण

आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी फरक हिसाव मिलान गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	५,५५,४७,४८३.४४	३९,६५,८७,३४८.५३	४३,८८,७२,८०९.००	१,३२,६२,०२२.९७
एकीकृत आर्थिक विवरणअनुसार	५५५४७४८३।४४	४८९९००३३९।५२	५३१८११०१९।३१	१३६३६८०३।६५
फरक	०	९३३१२९९०।९९	९२९३८२१०।३१	४०१७८१।६५

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण(म.ले.प.फा.नं.२१२) तयार नगरेकोले श्रेस्ता र बैकमा फरक परेको रु.७,८७,६८६/- हिसाब मिलान गर्नुपर्दछ ।

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
ग १.१, आन्तरिक राजस्व खाता	०	०	
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	
ग १.३, आन्तरिक अनुदान खाता	०	०	
ग २.२, चालू खर्च खाता- जोर वर्ष	०	८२४०२५	
ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष	०	५०३८७५	
ग २.७, विविध खर्च खाता	०		
ग ३.१, स्थानीय तह धरौटी खाता	८४,६०,६९२.००	८४६०६९२	
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	२४,८२,६३८.४७	१९४२४२३.१५	
ग ५.१, स्थानीय तह विविध कोष खाता	२१,२६,७६७.५०	२१२६७६७.५०	
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१,३१,७८४.००	१३१७८४	
ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता	१६०१४१	१६०१४१	
जम्मा	१३३६२०२२.९७	१४१४९७०८	७८७६८६

जम्मा	७८७६८६

२.६ **खर्च विश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.४४,७६,२२८/- राजस्व बाँडफाँड र अनुदानबाट रु.३९,७७,३५,३७५/- समेत रु.४०,२२,११,६०३/- आम्दानी भएकोमा चालु तर्फ रु.२३,२४,०३,२५०.०० र पूँजिगत तर्फ रु.२०,०८,९२,६१६.०० समेत रु.४३,३२,९५,८६६.० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६६,९३,१८०/- खर्च भएको छ जुन आन्तरिक आयको १४९.५२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.७८प्रतिशत चालु र ४९.९४प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको भए पनि सो अनुसार कार्यान्वयन भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापनतर्फ-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।

खरिद व्यवस्थापन तर्फ-

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरी आबश्यक कार्वाही गरेको देखिएन ।

शिक्षातर्फ-

- अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा

कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको छैन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको छैन ।

विविध तर्फ-

- कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनगरी पालिकाको कार्यसञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

३.२ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र. ९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

---

४ बजेट तथा कार्यक्रम

४.१ **बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको

व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समितिले २०७९।३।५ मा एक आर्थिक बर्षको बजेट प्रक्षेपण गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु.५० करोड ७२ लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२९ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान पश्चात कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४.३ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- ·कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.२० करोड ८ लाख ९३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ८० लाख २२ हजार , दोश्रो त्रैमासिकमा ४० लाख ८१ हजार.तेश्रो त्रैमासिकमा रु.५ करोड १३ लाख ५१ हजार, चौथो त्रैमासिकमा रु.११ करोड ७४ लाख ३८ हजार. र असार महिनामा मात्रै रु.५ करोड ५१ लाख ९९ भएको देखिन्छ। चौथो त्रेमासिक खर्च ५८.४५र आषाढ महिनाको खर्च २७.४७ रहेकोले वर्षान्तमा खर्च दर उच्च रहेको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७९ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट रु.६ करोड ६६ लाख ४ हजार योजना तथा कार्यक्रम संसोधन गरी रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १२. ५४ प्रतिशत हुन्छ। योजना तथा कार्यक्रम स्विकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा योजना संसोधन गरी रकमान्तर गर्नु उचित होइन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४.४ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १२० योजनामा वजेट विनियोजन गरेको छ। विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	११	७	३	१
२	वडास्तरीय	१०९	०	३९	७०

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासकाविवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन र अन्तरसम्बन्धित क्षेत्र मा सबैभन्दा बढी ८६.८१ प्रतिशित र आर्थिक विकास मा सबै भन्दा घटीमा ६९.८७प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति निम्न वमोजिम रहेको छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२,७३,१५,०००.००	१,९०,८५,१९१.००	६९.८७
२	पूर्वाधार विकास	१४,२४,८०,२०५.००	११,२७,९९,१३२.००	७९.१७
३	सामाजिक विकास	२४,४६,०९,४३९.००	२०,८७,९०,७२७.००	८५.३६
४	सुशासन र आन्तरसम्बन्धित क्षेत्र	१,९७,७०,०००.००	१,७१,६३,०१७.००	८६.८१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	९,६९,४५,९८१.००	७,५४,५७,७९९.००	७७.८३
जम्मा		५३,११,२०,६२५.००	४३,३२,९५,८६६.००	८१.५८

४.६ **गतवर्षकोभुक्तानी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको सुत्र सफ्टवेयर चाडै वन्द भएको कारण भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी यस वर्षको बजेटमा समेत गत वर्षको रु.४,१७,९७,२११/- भुक्तानी दिन बाँकी रकम वजेट कायम गरी चालु खर्चशिर्षकवाट रु.३०,१७,९९०/- र रु.३,४७,४५,९११/- पुजिगत खर्चशिर्षकबाट गरी रु.३,७७,६३,९०१/- दायित्व भुक्तानी दिएको छ। सुत्र सफ्टवेयर वन्द हुने सुचना पहिल्यै हुने हुदा समयमा कार्य गरी खर्च गर्ने परिपाटी पालन नगरेको र ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गरीने भएकोले यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ ।

५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिका गठन हुदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दि बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल २८ कर्मचारी दरबन्दी रहेकोमा २०८०।०३।३१ सम्म २२ जना दरबन्दी स्थायी पदपूर्ति भई ६ पद रिक्त रहेको छ । दरबन्दी बमोजिम जनशक्तिको समयमा पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

५.२ **कर्मचारी व्यवस्था –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी देहाय अनुसार तलव भत्ता रु.२२,१७,१०३/-भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

पद	**तलव भत्ता रु.**
इन्जिनियर	**४७७०५९**
कम्प्युटर अपरेटर	१७३६५०
असिष्टेन्टसव इन्जिनियर	१५६६३९४
जम्मा	२२१७१०३

अनियमित भएको	२२,१७,१०३

५.३ **तलवी प्रतिवेदन –** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २१ जना कर्मचारीको

रु.१,३३,७७,०००.० र पालिकाका २२ जना कर्मचारीको रु.१,४६,००,०००. समेत रु.२,७९,७७,०००/- खर्च लेखेको छ । सभावाट तलवी प्रतिवेदन पारित भएतापनि सो सम्बन्धि कानुनि ब्यबस्था भएको देखिदैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.४ **अवकास कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

६ कानून निर्माण एवं कार्यान्वयन

६.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, ४८ कार्यविधि निति ५ र मापदण्ड ४ लगायत ७२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

६.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ३६ गरी कुल ३७ विवाद दर्ता भएकोमा २९ वटा मात्र फस्यौंट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

७ सम्पत्ति उपयोग र संरक्षण

७.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो स्थानिय तहमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ

सम्पत्ति	संख्या	खरिद/प्राप्ति मूल्य

घर जग्गा क्षेत्रफल र संख्या सहित	३८ रोपनी	--
सवारी साधन दुइ पाङग्रे	२०	१८५९१३२
सवारी साधन चार पाङग्रे	१	४,०५५,०००.००
एम्वुलेन्स	१	९५८,१४८.००
टयाक्टर	१	२,११४,९७८.००
ट्रलि	१	३९४,९१५.२८
ब्याकहो लोडर (back hoe loade	१	४,९९९,०००.००

- सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्विकृति लिएको देखिएन ।
- **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका ट्याक्टर, ब्याकहो लोडरर एम्वुलेन्स लगायत मेशिनरी उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ उक्त उपकरण सञ्चालनको पुर्ण रुपमा लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उक्त उपकरणहरु सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

- **·इन्धनको अभिलेख –** पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु.३,८९,२६७.०० र इन्धन (कार्यालय प्रयोजन) मा रु.२०,१८,०८७.०० गरी रु.२४,०७,३५४/ -खर्च भएको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS राखिनुपर्दछ ।
- **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने,र पाम्सको लगत लिइसोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८०।४।२९ जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा

उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने आइटमका सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने ४८ आइटमका सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा लिलामी प्रकृया नै शुरु गरेको पाइएन ।

.... (प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०८ को निर्णयबाट रु.१,७९,६०० सम्परीक्षण गरिएको ।)

७.२ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण -** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

८ खरिद तथा ठेक्का अभिलेख

८.१ **ठेक्का अभिलेख-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा स्थानीय तहले महालेखापरीक्षकले स्वीकृत गरेको लेखा ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ठेक्काबाट भएको कामको अभिलेख देखिने म ले प फा नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । कानुन बमोजिम स्वीकृत म ले प फारम प्रयोग गरी ठेक्काबाट भएको कामको अभिलेख राखिनुपर्दछ ।

८.२ **खरिद कार्यको अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीकोनिम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले हरेक खरिद कारवाहीको व्यवस्थित अभिलेख गरी फाइल खडा गरी राखेको देखिएन । सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कारवाहीको छुट्टै फाइल खडा गरी राख्नुपर्दछ ।

९ विविध खर्च

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको

विविध खर्च शिर्षकमा रु.२०,९३,६२१.० बजेट व्यवस्था गरेकोमा सो मध्ये खाजा खाना खर्चमा रु.१५,९७,७१४.० खर्च गरेको छ । उक्त खर्चमा होटलको बिल पेश हुने गरेको र बिलमा खाजा, खाना, नास्ता लगायत समावेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र गरेको र खाजा खर्चको मापदण्ड समेत लागु गरेको देखिएन । खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्न छन ।

गो भौ नं मिति	आपुर्तिकर्ता	विबरण	रकम
४०९।२०८०/०३/१९		कार्यालय र वडा तथा भैपरि समेत	४,५८,८५९.०
३१३। २०८०/०२/०८	रेलीमै होटल एण्ड लज समेत	कार्यालयको अडर सिलिप अनसार विविध रकम भुक्तानी	३,०२,७००.००
२७।२०७९/०६/१४	न्यु हाेटल सगरमाथा लज एण् रेष्टुरेण्ट समेत	कार्यालय र वडा तथा भैपरी	१,९२,२७७.

१० धरौटी फिर्ता

धरौटी फिर्ता – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.न २९।२०७९।१२।२० बाट सुनिता एण्ड कविता।तारूपरे जे.भी. को नाममा रहेको धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेश गरेको पत्र प्रमाण पेश नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६,३०,७०९

११ पेश्की व्यवस्थापन

पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फस्योंट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष निम्नानुसार म्याद ननाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिएको रु.

पेश्की लिएको मिति	पेश्की लिनेको नाम	कार्य	पेश्की रकम म्याद ननाघेको	पेश्की रकम म्याद नाघेको
२०७९/१०/१३	सल्यान वितरण केन्द्र नेपाल विधुत प्राधिकरण	ग्रामिण विद्युत विस्तार आयाेजना सबै वडाहरु	२०७९/११/१९	१,५०,००,०००.००
२०७९/१०/१३	सल्यान वितरण केन्द्र नेपाल विधुत प्राधिकरण	ग्रामिण विद्युत विस्तार आयाेजना सबै वडाहरु	२०७९/११/१९	५०,००,०००.००
			पेश्की	२,००,००,०००

१२ **आन्तरिक राजस्व**

१२.१ **रसिद नियन्त्रण खाता -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर कार्यपालिका कार्यालय र वडा कार्यालयमा पठाउने गरेको मध्ये गत बर्षको मौज्दात २२३ रहेकोमा यस आ व मा थप ६३ ठेली छपाइहरु गरेका छन । ती मध्ये ६८ प्रयोग नै नभई बाकी रहेका देखिएकाले प्रयोग भएका ठेलीको रसिद नियन्त्रण खाता राखेको देखिएन जस्ले सबै नगदी रसिदको आम्दानी पालिकाको खातामा प्राप्त भयो भएन एकिन गर्न नसकिएकोले पालिकाले एकिन गर्नुपर्दछ । कार्यालयले आगामी दिनमा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्न विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

१२.२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५,१०,९६२।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुले कर बुझाउन ल्याए बुझिलिने तर अभिलेख राखी अनुगमन गर्ने गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१२.३ **राजस्व असुली -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकामा मालपोत र विभिन्न सिफारिस वापत प्राप्त राजस्व तोकिएको समय अवधि भित्र बैङ्कँ दाखिला गरेको छैन ।यसरी ढिलो बैङ्कँ दाखिला गर्नेलाई ऐनमा दश प्रतिशतका दरले जरिबाना दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था समेत छ । ऐनको ब्यबस्था वमोजिम नगदि रसिदवाट असुली आय देहाय बमोजिम दखिला भएको नदेखिएकोले थप एकिन गरी दखिला गर्नुपर्ने देखिएको रु.

श्रोत	नगदी रसिद नंवर	आय रकम	दाखिला रकम	वाँकी रकम	कैफियत
एम्वुलेन्स	१९८-२००	७०००	०	७०००	अभिलेखमा नआएको रसिद
टौक्टर	३७६१-३७८२	२२९०००0	१३४०७७	९४९२३	मर्मत सम्भार कार्य वापत कार्य गराएको टेक्टर भाडा कटाएर भुक्तानी दिएको भएपनि कटाएको रकम प्राप्त नभएको
सफ्टवेयर वाहिरको नगदी रसिद	५७०१-५८००	९९१६२			
	५९५१-६०००	५५०५०			
	५००१-५०५०	२१०००			
	७३५१-७४००	४७४१९			
	४३०१-४३५०	६०००			
	५४५१-५५००	४९४३९			
	४६५१-४७००	४९४६१			
फोहोरमैला शुल्क	७१५१-७२००	१०६००			
	७५५१-७६००	६३२५			
	५९०१-५९५०	११९५०			

	५८०१-५८५०	११११००			
	७४५१.७५	५९७५			
	६४५१-६५००	५५२५			
	५२५१-५३००	९७७५			
	५१५१-५२००	१०८२५			
	५६५१-५७००	२०७५			
सफ्टवेयरवाट असुलि		३२७७१३			
सफ्टवेयर वाहिरको नगरी रसिद, सफ्टवेयरवाट असुलि र फोहोरमैला शुल्क-गरी जम्मा		७२९३९४	६४९३४३.२५	८००५०.७५	
		१६९४७८८	७८३४२०.२५	१८१९७३.७५	

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।१७ को जम्मा रु.४७८६ ।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	१,८१,९७३.७५

१२.४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।यस्ता आय शीर्षक मध्ये केही आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
भुमिकर/मालपोत	१०,००,०००।००	४,२८,३४०।९२	४२।८३

वहाल कर	२,००,०००।००	३,१९,४९९।२५	१५९।७४
व्यवसाय कर	५,००,०००।००	५,१०,९६२।००	१०२।१९
सिफारिश दस्तुर	१८,००,०००।००	२१,४८,२५९।१६	११९।३४
अन्य दस्तुर	५,००,०००।००	६,६२,४१२।२७	१३२।४८

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । यसरी पालिकाले विभिन्न शिर्षकबाट प्राप्त गर्ने राजस्व सम्बन्धित शिर्षकमा नै पर्नेगरि अभिलेख राख्नु पर्नेमा अन्य राजस्व शिर्षकमा राखेको छ र यस्तो कार्य नियन्त्रण गरिनु पर्दछ । साथै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१२.५ **ब्याकोहो लोडरको आय** – पालिकाले ब्याकोहो लोडरको लगशिट अनुसार ६६२.३घण्टा प्रयोग गरी कार्यालयको बिभिन्न योजनाको उपभोक्ता समितिको काममा समेत मेशिनरी उपलब्ध गराइ सो को प्रयोग वापतको जिल्ला दररेट प्रतिधण्टा रु.२,५००/- को दरले गणना गरी सो रकम कटाएर उपभोक्तालाइ रु.१३,५१,५००/- भुक्तानी दिएकोले सो रकम खातामै रहेकोले आय खातामा दाखिला गर्नुपर्दछ ।

१३ **पालिका चालु**

१३.१ **सवारी साधन कर वाडफाड -** राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा सवारी साधन वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक ट्राफिक ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकामा प्राप्त भएको यस बर्षको सवारी साधन कर वाडफाड रकम रु.७,३१,२८४.७६ आयोगले जारी गरेको मार्गदर्शनमा वमोजिम वजेट बिनियोजन नगरी मर्मत सम्भार र कार्यक्रम खर्चमा बिनियोजन गरि खर्च गरेको देखीएकोले अनियमित देखिएको रु .

अनियमित भएको	४,५१,८७१

१३.२ **सिधै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई कुल विनियोजन भएको रु.५३,४७,५०९.०० मध्ये रु.४७,६७,७५०.०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्वन्धमा केही उदाहरण निम्न छन ।

गो भौ नं मिति	आपुर्तिकर्ता	बिबरण	खर्च रकम
२४। २०७९/०६/११	बिभिन्न	मसलन्द तथा कार्यालय सामाग्री गत आ.व.भुक्तानी बाकी	७,६८,०१८
९७।२०७९/०८/२६	पशुपति सप्लायर्स समेत	मसलन्द तथा कार्यालय सामाग्री	२,३८,०६१
११९।२०७९/०९/२९	रासी स्टेशनरी एण्ड बुक्स सेन्टर समेत	मसलन्द तथा कार्यालय सामाग्री	४,००,३२७
४२३।२०८०/०३/२१	जे.के ट्रेडर्स एण्ड सप्लायर्स समेत	मसलन्द तथा कार्यालय सामाग्री	१,३५,८६६
४५८। २०८०/०३/२३	रासी स्टेशनरी एण्ड बुक्स सेन्टर समेत	मसलन्द तथा कार्यालय सामाग्री	२,१२,०५९

१३.३ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिकाले पालिका चालु बजेट उप शिर्षकबाट देहाय वमोजिम फर्मसँग रु.१४,७९,४५१/- को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन हुने अभिलेख प्राप्त भएन । अतः पालिकाले औषधि खपत र मौज्दातको अवस्था यकिन हुनेगरी अभिलेख राख्ने र प्रतिश्पर्धाको आधारमा औषधिको खरिद गरीनुपर्दछ ।

गो भौ नं मिति	आपुर्तिकर्ता	बिबरण	खर्च रकम
७६।२०७९/०८/१२	जय माता मेडिसिन सप्लार्यस	औषधि खरिद	४,९८,३४८.०
६९। २०७९/१०/२३	ओजस आयुर्वेद मेडिकल हल	औषधि खरिद	४,९०,६१५.००
२४५।२०७९/१२/०६	साथी मेडिसिन डिस्ट्रिब्युटर	औषधि खरिद	४,९०,४८८.००
			१४७९४५१

१३.४ **ईन्धन खर्च -** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ को अनुसुचि १ मा अध्यक्षको सवारी साधनलाई माशिक ७० लिटर डिजल उपाध्यक्ष माशिक ७० लिटर डिजल र वडाध्यक्ष माशिक १५ लीटर पेट्रोल सवारी इन्धन पाउने व्यवस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकामा पदाधिकारी को लागी १ वटा हलुका सवारी साधन र५ वटा मोटर साईकल र कार्यालयको प्रयोजन मोटरसाइकल १५ सरकारी र ३० वटा निजी मोटरसाईकल प्रयोग भएको देखिएको छ । ,सो को लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.३,८९,२६७.०० र इन्धन (कार्यालय प्रयोजन) मा रु.२०,१८,०८७.००गरी रु.२४,०७,३५४/- वजेट खर्च भएकोमा सालाखाला देहाय वमोजिम रु.६,७७,१२२/- वढी खर्च गरेको देखीएको छ । पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन र अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड भित्र रहि ईन्धन खर्च गरिनुपर्दछ ।

बिबरण	इन्धन (कार्यालय प्रयोजन)		
	इन्धन वार्षिक परिमाण	औसत दर	बार्षिक रकम
मोटरसाइकल १५	१०*१२=	१८०।०८	३२४१४४
निजि मोटरसाइकल ३०	१०*१२=	१८०।०८	६४८२८८
एम्वुलेन्स	१२०	१८०।०८	२१६९६
टयाक्टर	१९५५	१७७।४१	३४६८३६
जम्मा			१३४०९६४
वजेट खर्च			**२०,१८,०८७**
वढी खर्च			६७७१२२

१३.५ **खर्च संकेत बिपरित खर्च -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ४१ मा विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरू सोही शीर्षक तथा उपशीर्षकको सीमामा रहेको सुनिश्चित गरी कार्यालय प्रमुखले निर्दिष्ट प्रयोजनको लागि खर्च गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नियमावलीमा भएको ब्यबस्था सुनिश्चित नगरी तथा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ को चालु खर्च संकेत वर्गिकरण र ब्याख्या विपरित देहाय बमोजिम खर्च गरेकोले अनियमित रु

गो भौ नं	कार्य	खर्चभएको शिर्षक	खर्च हुनुपर्ने शिर्षक	खर्च रकम
१९२।२०७९।११।११	कार्यालय सामाग्री खरिद	उपभोक्ता अभिमुखिकरण कार्यक्रम	कार्यालय सामाग्री खरिद २२३११	९७१९३।००
१९३।२०७९।११।११	पानी तथा विजुली	सवारी साधन मर्मत	पानी तथा विजुली २२१११	४४८६७।००

	जम्मा			१४२०६०।००
			अनियमित भएको	१,४२,०६०

१३.६ **दैनिक भ्रमण भत्ता खर्च –** भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने ,भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वश्रीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु.२४,१६,८९५।०० खर्च गरेको देखियो । कार्यालयले भ्रमण अभिलेख खाता पुर्ण रुपमा राखेको छैन । यो वर्ष के कति कर्मचारीलाई के कति वटा भ्रमण आदेश जारी भएको थियो भनि यकिन गर्ने स्थिती देखिएन । भ्रमण अभिलेख खाता अनिवार्य राख्नु पर्दछ ।

१३.७ **परामर्श सेवाको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सोसम्बन्धी नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, काम सम्पन्न गर्ने लाग्ने समय तथा परामर्श सेवाका जनशक्तिको पारिश्रमिकको आधार खुलाइ अनुसुची १ क को ढाँचामा लागत अनुमान तयार गरी सोहि नियमावलीको नियम १४ (२) वमोजिम स्विकृत गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्विकृत नर्म्स तथा पारिश्रमिकको आधार नखुलाई देहाय वमोजिम लागत अनुमान तयार गरेको देखिएकोले स्विकृत नर्म्स तथा पारिश्रमिकको आधार खुलाइ लागत अनुमान तयार गरिनुपर्दछ ।

गो भौ नं मिति	आपुर्तिकर्ता	बिबरण	खर्च रकम
२१४।२०७९/ ११/२१	के.एस.एस.इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	सेवा र परामर्श खर्च एमटी इएफ र आवधिक याेजना समेत	७,४५,३९६।००
४६३। २०८०/०३/२४	के.सी. मल्टीप्रर्पोज कन्सलटेन्सी प्रा.लि.	मध्यकालिन खर्च संरचना निर्माण	५,००,०००।००
२५३।२०७९/ १२/२६	दैलो टेक्नोलोजीज प्रा.लि.	राजश्व सप्टवयर खरिद रकम	४,१८,१००।००
		जम्मा	१६६३४९६।००

१३.८ **पालिका अनुदान शिक्षक –** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक , कर्मचारी , तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले राजश्वबाडफाडवाट कानुन निर्माण नगरी पालिका अनुदान शिक्षक ब्यबस्था गरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, कर्मचारी, र वालबिकास शिक्षकलाइ यस वर्ष रु.७१,२४,२६७/- पारिश्रमिक भुक्तानी गरेको छ । उल्लेखित ऐनको ब्यबस्था बिपरीत

पालिकाले बिद्यालय समायोजन तथा शिक्षक दरबन्दि मिलान नगरी र शिक्षक बिद्यर्थि अनुपात समेत बिश्लेषण नगरी पालिका अनुदान शिक्षक ब्यबस्था गरी पारीश्रमिक भुक्तानी दिन मिल्ने नदेखिएको नियमसम्मत देखिएन ।

गो .भौ. नं. र मिति	विवरण	भुक्तानी रकम रु.
११।२०७९/०६/०६	२४ बिद्यालयका ३१ जना शिक्षक समेतलाई पारीश्रमिक प्रथम त्रैमासिक	१५५१०००
११५।२०७९/०९/२६	२४ बिद्यालयका ३१ जना शिक्षक समेतलाई पारीश्रमिक दोश्रो त्रैमासिक	२५,८८,७००.००
३१०।२०८०/०२/०५	२४ बिद्यालयका ३१ जना शिक्षक समेतलाई पारीश्रमिक तेश्रो त्रैमासिक	२९,८४,५६७.०
		७१२४२६७

१३.९ **कर दाखिला गर्नुपर्न –** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम प्रत्येक कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने कुनै रकम भुक्तानी दिदा अनुसूचि १ बमोजिम करकट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को फागुन महिना देखि निलम्बनमा रहेका जीव राज खत्री आ व २०७९।८० को चैत्र महिनामा निलम्बन फुकुवा भई निलम्बन अबधिको पारिश्रमिक भुक्तानी दिदा कुनै पनि कर नकटाई गो.भौ.नं २६२।२०७९।१२।२९ बाट रु.९,०१,५५१।०० खर्च लेखेकोले सम्बन्धितबाट सामाजिक सुरक्षा बापतको कर असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,०१५

१३.१० **नियम विपरित चाडपर्व खर्च –** निजामती सेवा ऐन, २०४९ को दफा ३२(१) तथा नियमावली, २०५० को नियम १२८ को उपनियम (१) र (३) मा व्यवस्था अनुसार यसरी नियुक्ती हुने कर्मचारीहरुबाट निजहरुले मानि आएको धर्म अनुसारको मुख्य चाडपर्व पर्ने सम्भावित महिनाको लिखित जानकारी लिई चाडपर्व भुक्तानी गर्ने व्यवस्था छ । साथै नियमावली, २०५० को नियम १२८ (३) बमोजिम एक पटक चाडपर्व खर्च लिन रोजेको पर्व र महिना परिवर्तन गर्न नपाउने भएकोले देहायका कर्मचारीले आ. व. २०७९।८० को चैत्र महिनाको राम नवमीको अवसरमा चाडपर्व खर्च उपलब्ध गराइ दिनु भनि निवेदन पेश गरेकाले सो अनुसार भुक्तानी भएको र आ. व. २०८०।८१ को दशै खर्चमा चाडपर्व खर्च लिएकोले नियम विपरितको चाडपर्व खर्च असुर हुनु पर्ने रु.

क्र.म.	नाम	पद	तह	रकम
१	अनिता साँखी	कम्प्युटर अपरेटर	पाचौं	३४,७३०।००
२	गौरब सिँह बस्नेत	खा.पा.स.टे	चौंथो	३२,९०२।००
३	मो.शमशेर आलम	अ.स.ई.	चौंथो	३२,९०२।००
४	भावना पन्त	अ.स.ई.	चौंथो	३२,९०२।००

५	लोकेन्द्र वली	ना.प.स्वा.प्रा	चौंथो	३२,९०२।००
६	तेज बहादुर विष्ट	प्रशासन सहायक	चौंथो	३२,९०२।००
	जम्मा			१,९९,२४०।००

असुल गर्नुपर्ने	१,९९,२४०

१३.११ **बढी भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। कपुरकोट गाउँपालिकाको बार्षिक कार्यक्रमको व्यवसायीक तरकारी पकेट साझेदारी कार्यक्रम अन्तर्गत श्रृजना बहुउद्देश्यीय उपभोक्ता सहकारी संस्था लि संग गरेको सम्झौता अनुसार रकम भुक्तानी दिदा गो.भौ.नं २८१।२०८०।०१।१९ बाट निर्माण कार्य गर्दाको संलग्न बील भौचर भन्दा रु.१७,५००।०० बढी भुक्तानी भएकोले सम्बन्धीत बाट असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१७,५००

१४ ठेक्का व्यवस्था तथा कन्टिन्जेन्सि खर्च

१४.१ **ठेक्का अभिलेख** – सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१४.२ **कार्य सम्पन्न प्रतिवेदन** – सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। अतः कार्य स्विकारको अद्यावधिक अभिलेख राखी त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

१४.३ **म्याद थप** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो

निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण म्याद समाप्त हुनुभन्दा अघि गर्नुपर्नेमा गरेको छैन । पालिकाले देहाय ठेक्कामा म्याद समाप्त भएपनि हाल सम्म म्याद थप गरेको देखिएन । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

ठेक्का नं.	निर्माण व्यवसायी	काम	सम्झौता रकम	कार्य शुरु मिति	कार्य सम्पन्न हुने मिति	हालसम्म भुक्तानी रकम
१।७७।७८	बिष्णु कन्ट्रक्सन	वडा १ कार्यालय भवन	३९९१२४५	२०७७।८।२८	२०७९।११।२९	३२७३२४४

१४.४ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई डी.पी.आर. प्रतिवेदन प्राप्त गरेको छ । उक्त डी.पी.आर. तयार भएका योजनाहरुमा बजेट व्यवस्थापन गरि कार्य शुरु गर्नुपर्दछ ।

कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
पाथिहन्ना धारखोला सडक डिपीआर	के एस एस इन्जिनीयरीङ्ग कन्सल्टेसी	६५९६४२।५०	५५६३४८३८२।४५
गोठीवन घनठाना खानेपानी योजना	नेपाल सिभिल एग्रिकल्चर	४६९९७०।००	५५५७३३८४।६९
टुनीबोट छायानाथ कोइला सडक स्तरोन्नती	पाच फाइन्डर नेपाल सर्भिसेज प्रालि	५०८०६२।००	४०३८६३९४२।०१
कपुरकोट दानवाङ रिङरोड सडक स्तरोन्नती योजना वडाँ न २	मास्टा इन्जीनिर्यरिङ्ग प्रा लि	५९७७२०।००	५७९१३८५९।५०

एकिकृत खानेपानी योजना वडा न ३ र ४	ग्रिष्टेड इन्जिनियरिङ्ग प्रा लि	८८१५००।००	८५५२७७९४४।२९
सिस्नेरी लिफ्ट खानेपानी वडाँ न ५	वेवलाइन इन्जिनियरिङ्ग सोलुसन काठमाण्डौ	४३६२८३।००	२६९७९१५३।९७
बगरखोला मुन्टेटाकरा लिफ्ट खानेपानी योजना वडा न १	डामन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि	४३८०५३।००	४००५४०५०।००
		३९९१२३०।५०	

१४.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) तथा ७(२)(ग) अनुसार कार्यालयले खरिद आवश्यकताको पहिचान गरेका खरिद कार्य अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाइ गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न ७ वटा योजनाको डिपिआर गर्ने कार्य प्रत्येकको लागि छुट्टा छुट्टै ३ वटा फर्मसंग दरभाउ पत्र लिइ रु.३९,९१,२३१/- को सिधै खरिद गरेको देखियो । सार्वजनिक खरिद नियमावली अनुसार एउटै प्याकेज बनाइ प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्नेमा नगरेकोले नियम सम्मत भएको देखिएन । खरिद नियमावलीको व्यवस्था अनुसार एउटै प्याकेज बनाइ खरिद गर्नुपर्दछ ।

१४.६ **कन्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ क नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत कन्टिन्जेन्सीको रकम समेत को लागत अनुमान तयार गरि खर्च गर्नुपर्ने व्यवस्था छ। सोही खरिद नियमावलीको अनुसूचि १ को द्रष्टव्यमा वर्क चार्ज, स्टाफ खर्च, फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृति गराई गर्नु पर्ने व्यवस्था छ ।पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धमा योजना-तथा-कार्यक्रम-व्यवस्थापन-कार्यविधी स्वीकृति गरेको छ । सो कार्यबिधिको बुँदा १३ मा ४५ प्रतिशत पुँजिगत र ५५ प्रतिशत चालु प्रकृतिका कार्यमा कन्टिन्जेन्सी खर्च गर्न सकिने ब्यबस्था गरेको छ । पालिका स्वयंले बजेट निर्माण गर्ने, पर्याप्त प्रशासनिक खर्च छुट्याई तत्पश्चात मात्र पूँजीगत बजेट विनियोजन गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा, स–साना योजना कार्यान्वयन गर्न कन्टिन्जेन्सी खर्च गर्नुपर्ने आवश्यकता र औचित्य नहुने हुदाँ पेश भएको कन्टिन्जेन्सी बिबरणवाट पुरै खर्च रु.१४,२७,११६/- चालु प्रकृतिका कार्यमा गरेको खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सि.नं.	विषय	विवरण	रकम	प्रतिशत
१.		पूंजीगतखर्च	२६४७४७४७	
		कुल कन्टिन्जेन्सी खर्च	१४२७११६	
		कन्टिन्जेन्सी खर्च		
१.१	वर्कचार्ज स्टाफ खर्च	मष्टरोल ज्याला		
		सवारी साधन मर्मत	३०३६७९	

		दैनिक भ्रमण भत्ता		
		फिल्ड भत्ता		
		अन्य		
		जम्माः		
१.२	सानातिना अन्य खर्च	इन्धन		
		स्टेशनरी. छपाई, सूचना प्रकाशन	५१७३१४	
		मर्मत सम्भार खर्च		
		खप्ने मालसामान		
		सार्वजनिक निर्माण		
		अन्य टेण्डर मुल्याङकन		
		जम्माः		
		कूल जम्माः(१.१+१.२)		

१५ ठेक्का कार्यान्वयन

१५.१ **वीमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१०/२० लाख(बाह्रौ संशीधन) भन्दा बढी मूल्यको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले निर्माण सामाग्री, मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका ठेक्काहरुको सम्झौता गर्दा BOQ मा वीमाको व्यवस्थाको लागि रकम प्रस्ताव सहित सम्झौता गरेको छ । ठेक्का कार्यान्वयनको अवस्थामा बिभिन्न रनिङ्ग बिलको भुक्तानी भइसक्दा समेत निर्माण व्यावसायीले बिमा गराइ भुक्तानी लिएको देखिएन । यसबाट निर्माण कार्यमा दुर्घटना हुन गए क्षतिपूर्तिको लागि स्वयम निर्माण व्यावसायीले बहन गर्नुपर्ने जोखिम रहने हुँदा अनिवार्य बिमा गराउनु पर्दछ । यसरी नियमावलीले गरेको व्यवस्था विपरीत वीमा नगराइ खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकालेले ध्यान दिनुपर्दछ ।

ठेक्का नं	**निर्माण व्यवसायी**	**सम्झौता रकम**	**विओक्यू मा वीमा रकम**	**कैफियत**
४।०७८।७९	सुरभि कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२५२५८६४	३५०००	वीमा नगरेको
७।०७७।७८	भगवति सप्लार्यस	१३४९६१५	४००००	वीमा नगरेको

५।०७९।८०	भुवनेश्वरि विल्डर्स	११७४१४३५	१७००००	बीमा नगरेको
४।०७९।८०	भुवनेश्वरि विल्डर्स	११३१८६४३	१७००००	बीमा नगरेको
१।०७९।८०	भुवनेश्वरि विल्डर्स	४२०८८७६	५००००	बीमा नगरेको

१५.२ **ल्याव टेस्ट** – पालिकाले तपशिल वमोजिमका ठेक्काहरुको सम्झौता गर्दा BOQ मा निर्माण कार्य तथा सामाग्रीको ल्याव टेष्टको व्यवस्थाको लागि रकम प्रस्ताव सहित निर्माण व्यावसायीसंग सम्झौता गरेको छ । ठेक्का कार्यान्वयनको अवस्थामा बिभिन्न रनिङ्ग बिलको भुक्तानी भइसक्दा समेत निर्माण व्यावसायीले ल्याव टेष्ट गरेको प्रतिवेदन र बिल बिजक पेश गरी भुक्तानी लिएको देखिएन । यसबाट पालिकाले संचालन गरेका निर्माण कार्य र सामाग्रीको गुणस्तरमा आश्वस्त हुन सकिएन । अतः पालिकाले गुणस्तरिय निर्माण कार्यको लागि निर्माण कार्य तथा सामाग्रीको अनिवार्य ल्याव टेष्ट गराइ ठेक्का सम्झौताको पालना गराउनु पर्दछ । यस सम्वन्धमा केहि उदाहरणहरु यस प्रकार छन्

ठेक्का न	योजनाको नाम	ल्याव टेष्ट रकम	कैफियत
Kmun/work/५-२०७९.८०	खालि सिन्दुरे रयाल सडक निमार्ण योजना	३५०००	ल्याव टेष्ट नभएको
Kmun/work/३-२०७८.७९	तुसारेखोला मिलन बजार ठूलासीम सल्लाम लिफ्ट खानेपानी योजना	५०००	ल्याव टेष्ट नभएको
Kmun/work/४-२०७८.७९	सिनवाङ स्वास्थ्य चौकी भवन निर्माण	२५०००	ल्याव टेष्ट नभएको
		६५०००	

१५.३ **एज विल्ट नक्सा** – सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै गोठिवन धनथाना खानेपानी योजनाका निर्माणको जलजला / जनचाहना जे.भी. संग भएको सम्झौतामा अन्तिम बिल भुक्तानी गर्दा एज विल्ट नक्सा पेश नगरे रु.१,००,०००/- कट्टा गर्नुपर्ने ब्यबस्था छ । पालिकाले उक्त निर्माण व्यावसायिलाई मिति २०८०।३।२२ मा अन्तिम बिल भुक्तानी गर्दा एज विल्ड नक्सा पेश गरेको छैन । संझौता अनुसार एज विल्ट नक्सा पेश नगरेकोले उक्त निर्माण व्यावसायिबाट रु.१,००,०००/- असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१,००,०००

१५.४ **प्रोभिजनल सम** – निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक बिलकोआधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकार निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा प्रोजेक्ट मेनेजरको पूर्व स्वीकृति लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ । खरीद संझौता अनुसार प्रोभिजनल समबाट भुक्तानी गर्दा वास्तविक खर्चको

विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । निम्न निर्माण व्यवसायीलाई विमा वापत भुक्तानी रु. १२ १४ २४, र ल्याव टेष्ट वापत रु. ५०,०००/- निर्माण व्यावसायीलाई भुक्तानी गरेकोमा निर्माण व्यावसायीले बिमा र ल्याव टेष्टको विल विजक पेश गरेको देखिएन । अतः उक्त रकम सम्वन्धित निर्माण व्यावसायीबाट रु.३,०४,३५१/- असुल हुनुपर्दछ ।

गो भौ नं	निर्माण ब्यावसायी	बिबरण	बिल नभएको रकम
५४।२०८०।३।२२	गोठिवन धनथाना खानेपानी योजनाका निर्माण वापत जलजला — जनचाहना जे.भी.	विमाको बिल वापत २७००००- १४८५७६	१२१४२४
		ल्याव टेस्ट	५००००
ठे नं २।०७८।७९	देउराली खोला पाखापानी खानेपानी लिफ्ट सिष्टम योजनाको निर्माण ब्यबसायी सनफार्मर नेपाल प्रा लि	विमाको बिल नभएको	४२९२७
Kmun/work/४-२०७९.८०	कपुरकोट पाखापानी सातदोवाटो सडक योजना	दाङ्ग इन्जिनियरिङ्गको बिजक नभएको	३५०००
Kmun/work/१-२०७९.८०	४ नं वडा कार्यालयको भवन निर्माण	दाङ्ग इन्जिनियरिङ्गको बिजक नभएको	२५०००
Kmun/work/५-२०७८.७९	जीवन ज्योती मा वि विद्यालय भवन निर्माण उ स		३००००
			३०४३५१

असुल गर्नुपर्ने	३,०४,३५१

१५.५ **मुल्य समायोजन** - पालिकाले १५ वेडको अस्पताल निर्माण गर्न निर्माण व्यवसायी पि. एस. रोयल जे. भि. संग ठेक्का सम्झौता गरेको छ । उक्त ठेक्का सम्झौताको ***G.C..C*** को वुदा ५३.१ अनुसार Table of Price Adjustment Data को Bidder's Proposed Weighting (coefficient)**मा वोलपत्रदाताले उल्लेख गरेको श्रमको ०.२५,मालसामान ०.४५ र इक्वीपमेन्ट ०.१५ भारबाट मूल्य समायोजन गणना गर्नुपर्ने व्यवस्था भएकोमा श्रमको ०.१५,मालसामान ०.६५ र इक्वीपमेन्ट ०.०५ को भारले गणना गरी तेश्रो रनिङ बिलसम्म रू.५६,७५,९३८।७८ मूल्य समायोजन भुक्तानी गरेकोले रु.१५,७४,८७८।३५ बढी भुक्तानी गरेको छ । बोलपत्रको सम्झौतामा उल्लेख गरेको भार

भन्दा फरक कोफिसिएन्टका आधारमा मूल्य समायोजन रकम गणना गरी वढी भुक्तानी गरेको रु.१५,७४,८७८।३५ सम्वन्धित निर्माण व्यावसायिबाट असुल हुनुपर्दछ ।

गो भौ नं	निर्माण ब्यबसायी	कार्यबिबरण	बिल रकम	मुल्य समायोजन दिएको फेक्टर	मुल्य समायोजन दिनुपर्ने फेक्टर	वढी देखिएको फेक्टर	वढी भुक्तानी मुल्य समायोजन रकम
४।२०८०।३।२९	पि एस रोयल जे भि	पहिलो रनिङ विल	११४७०८४१।४८	.१७६३	.१४०४	.०३५९	४४७३६२।८१
		दोश्रो रनिङ विल	१०२३४४१३।४८	.२१९५	.१८८३	.०३१२	३१९३१३।६९
		तश्रो रनिङ विल	८८३१२८३।८८	.०८५४	.०१४४	.०७१	६२७०२१।१५
	जम्मा						१३९३६९७।६५
	मुअकर रकम						१८११८०।६९
	कुल जम्मा						१५७४८७८।३५

असुल गर्नुपर्ने	१५,७४,८७८.३५

१६ **वित्तिय समानीकरण अनुदान पुँजिगततर्फ**

१६.१ **गाँउपालिका पुँजीगत तर्फ –** गाँउपालिका पुजिगत शिर्षकमा यस वर्ष रु.१६ करोड ७७ लाख ९४ हजार बजेट तथा योजना व्यवस्था भएकोमा रु.१३ करोड ४० लाख ४ हजार खर्च भइ वित्तिय प्रगति ७९.८६ प्रतिशत भएको छ ।नीति योजना र कार्यक्रम तथा बजेट व्यवस्था भए अनुसारको सवै कार्यक्रमहरु त्रैमासिक रुपमा संचालन गरी पालिकाले लक्ष्य अनुसार वित्तिय तथा भौतिक प्रगति शत प्रतिशत हासिल गर्नु पर्दछ ।

१६.२ **समानीकरण अनुदान रकमको उपयोग –** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा सो

रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र प्रशासनिक एवं कार्यालय सञ्चालन शिर्षक वा विषयमा विनियोजन खर्च गर्न नपाईने व्यवस्था छ । ऐन तथा आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा रु. ४,९२,१४०.०० खर्च गरी भुक्तानी दिएकोले यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ ।

खर्च संकेत नं.	**खर्च शीर्षक**	**अन्तिम बजेट**	वजेट खर्च
२२४११	सेवा र परामर्श खर्च	१०,६०,०००.००	४,९२,१४०.००

१६.३ **ठेक्का व्यवस्था –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धा गराइआपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका कार्यहरु कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.०२ देखि ५०.२८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गरेको छ । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको छ । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा घटीमा कबोल गरी सम्झौता कार्यान्वयन भएका योजनाको विवरण देहायमा अनुसार छ ।

क्र. सं.	**ठेक्का नं.**	**काम**	**निर्माण व्यवसायी**	**सम्झौता मिति**	**लागत अनुमान**	**कबोल रकम**	**घटी प्रतिशत**
१	KMUN/WORK /०१/२०७९.० ८०	भवन निर्माण	भुवनेश्वरी बिल्डर्स	२०७९।०९ ।२२	६७२४७९१ ।७२	४२०८८७६ ।३०	३७.५
२	KMUN/WORK /०२/२०७९.० ८०	खानेपानी	पृथ्वी इनर्जी नीर्माण सेवा		५८५९३८२ ।९६	२९१३२६० ।९१	५०.२ ८
३	KMUN/WORK /०४/२०७९.० ८०	सडक निर्माण	भुवनेश्वरी बिल्डर्स	२०७९।०९ ।२२	१९११२५४ ४।४४	११३१८६४ ३।४३	४०.७ ७
४	KMUN/WORK /०५/२०७९.० ८०	सडक निर्माण	भुवनेश्वरी बिल्डर्स	२०७९।०९ ।२२	१९३४०६३ ३।८३	११७४१४३ ५।११	३९.२ ९

५	KMUN/WORK /०६/२०७९.० ८०	खानेपानी	जलजला जनचाहना जे भी	२०७९।१२ ।१३	२८९६७०० १।३०	२६१९४६५ १।०९	९.५७
६	KMUN/GOOD S/०२/२०७९. ०८०	झो पु समान खरिद	जुनकिरि इन्डष्ट्रज प्रा लि	२०७९।१२ ।०१	२९९३३२९ ।६	२६१७६९० ।६५	१२.५ ४
७	KMUN/WORK /SQ/०१/२०७ ९.०८०	भवन निर्माण	खैरावाङ इन्जिनिरयरिङ्ग सर्भिसेज एण्ड कस्ट्रक्सन प्रा लि	२०७९।०९ ।१९	१६६११३३ ।६१	१६६००५८ ।९३	०.०६
८	KMUN/WORK /०१/२०७७/० ७८	भवन निर्माण	विष्णु कस्ट्रक्सन	२०७७।०८ ।२८	६०००००० ।००	३९९१२४५ ।४६	३३.४
	CAT LOG Method	ब्याकहो लोडर	एम ए डब्लु अर्थमुभर्स प्रा लि		५०००००० ।००	४९९९०००	०.०२

१७ उपभोक्ता समितबाट कार्य

१७.१ **उपभोक्ता समितिबाट कार्य –** पालिकाले वित्तिय समानीकरण पूँजिगत अनुदानमा व्यवस्था भएको बजेटबाट यस वर्ष सिंचाई खानेपानी भवन बाटो सडक विद्यालय भवन ग्याबियन तारजाली लगायतका ९७ वटा योजनाहरु उपभोक्ता समिति मार्फत गराइ रु.३ करोड ११ लाख १ हजार खर्च लेखेको छ ।यस शिर्षकको कूल खर्च रु.१३ करोड ४० लाख ४ हजारको तुलनामा २३.२१ प्रतिशत खर्च उपभोक्ता समितिबाट गराएको छ ।उपभोक्ता समितिबाट रु.५० हजार देखि अधिकतम रु. १४ लाख सम्मका योजनाहरु संचालन भएको देखिन्छ । अधिकांश योजनाहरु रु.१ लाख देखि ३ लाख सम्मका स साना योजनाहरु संचालन भएको देखिएकोले ठूलो रकम खर्च भएतापनि आर्थिक क्रियाकलापमा बढोत्तरी हुने देखिदैन । अतः पालिकाले योजना तजुमा गर्दा नागरिकको जिवन स्तरमा सुधार आउने र समग्र आर्थिक तथा व्यापारिक क्रियाकलापमा टेवा दिने योजना संचालन गर्नु पर्दछ ।

१७.२ **हेभी इक्विपमेण्टको प्रयोग —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । उपभोक्ता समितिहरुले

देहायका २४ वटा योजनामा निर्माण व्यावसायिका जेसिवि तथा एक्साभेटर जस्ता हेभी मेशिन प्रयोग गरको रु.८८,०३,८१६/- को बिल संलग्न राखि पालिकाबाट रु.८९,०७,७८४/- भुक्तानी लिएको नियम सम्मत नदेखिएकोले उक्त कार्य गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा १७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१७.३ **रोजगार कार्यक्रम –** पालिकाले प्रधानमन्त्रि रोजगार र युवको लागि रुपान्तरणकारी सम्वन्धि १८ वटा कार्यक्रम मध्ये १४ वटा कार्यक्रममा लागत साझेदारी गरी संचालन गरेको छ ।पालिकाले सशर्त अनुदान चालुबाट ज्याला वापत रु.१,१८,३६,३७८ र वित्तिय समानीकरण अनुदान गाउँपालिका पुँजिगतबाट निर्माण सामाग्रीको लागि रु.६४,६०,९१२ खर्च गरी यस वर्ष रु.१,८२,९७,२९०।०० खर्च लेखेको छ ।पालिकाले यस कार्यक्रम अन्तर्गत सुचिकृत बेरोजगारहरुको तर्फबाट उपभोक्ता समिति गठन गरि स्थायि प्रकृतिको पूर्वाधार निर्माणका संचाइ कुलो, मोटरबाटो मर्मत ,खानेपानी पाइप लाइन जस्ता कार्य गरेको छ । उक्त निर्माण कार्य गर्न आवश्यक पर्ने निर्माण सामाग्रिको लागि बिल अनुसार उपभोक्ता समितिलाई रु.६४,६०,९१२/- भुक्तानी गरेको छ । उक्त भुक्तानी तिन वटा सिंचाई कुलो निमार्णको लागि रु.२० लाख ८८ हजार, सडक स्तरोन्नती तथा मोटरबाटो निर्माण सामाग्रीमा रु.३९ लाख ३९ हजार र खानेपानी पाइप लाइन तथा सिडी निर्माणको सामाग्री खरिदमा रु.४ लाख ३४ हजार उपभोक्तालाई अनुदान खर्च लेखेको छ ।पालिकाले यस किसिमको लागत सभागिताबाट संचालन गरेको कार्यक्रमको प्रभावकारीताको मूल्याँकन गरी सो को आधारमा आगामी कार्यक्रमलाई निरन्तरता दिनु पर्दछ ।

१८ संघिय सशर्त चालु शिक्षा तर्फ :

१८.१ **१. शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त प्रतिवेदन अनुसार विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छः

विधालयको नाम	शिक्षक दरबन्दी	विधार्थी संख्या	शिक्षक/विद्यार्थी अनुपात
श्री जीवनज्योति मा वि कपुरकोट ५ रिम	१३	९१५	१:७०
श्री नेपाल राष्ट्रिय मा वि कपुरकोट ४ किमचौर	१२	८४१	१:७०
श्री भवानी मा वि कपरकोट ५ छायानाथ	८	४४०	१:५५
श्री कालिका मा वि कपुरकोट ३	९	४२६	१:४७
श्री विरेन्द्र मा वि कपुरकोट २ गर्पा	७	३८२	१:५४
श्री शिद्ध आधारभुत विद्यालय कपुरकोट ५ खाली	३	१६७	१:५५
श्री सरस्वती आ वि कपुरकोट ५ जामुने	४	१९३	१:४८
श्री सरस्वती आ वि कपुरकोट ६ रातामाटा	४	१२०	१:३०

श्री गायत्री आधारभुत विद्यालय कपुरकोट ६ ढाँर	३	१५७	१:५२
श्री गायत्री आधारभूत विद्यालय कपुरकोट ४ गाँडापानी	४	११२	१:२८
श्री जानकी आधारभूत विद्यालय कपुरकोट ६ डाग्री	३	६७	१:२२
श्री शिबोदय प्रा वि कपुरकोट १ सारपानी	३	७४	१:२४
श्री प्राथमिक विद्यालय कपुरकोट ४ क्युरेणी	३	६७	१:२२
श्री प्राथमिक विद्यालय कपुरकोट ३ मुलपानी	३	६५	१:२१
श्री सरस्वती प्रा वि कपुरकोट १ कालापात्ला	२	४०	१:२०
श्री सरस्वती प्रा वि कपुरकोट २ दानबांग	३	६९	१:२३
श्री जनज्योती प्रा वि कपुरकोट २ सिमलकुना	३	५९	१:१९
श्री दहबन प्रा वि कपुरकोट १ दहवन १	१	१३५	१:१३५
श्री भवुनेश्वरी प्रा वि कपुरकोट ५सिन्दुरी	१	४९	१:४९

१८.२ **नपाउने पोषाक भुक्तानी –** उल्लेखित भौचरबाट प्राथमिक विद्यालय प्रा वि तृतिय का मिति २०७९।११।१२ मा अवकाश प्राप्त शिक्षक लक्ष्मण न्यौपानेको तेस्रो त्रैमासिक तलब निकाशा रु.८०,९३७/- भएकोमा निजलाई पोषाक भत्ता रु.१०,०००/- समेत भूक्तानी भएकोले अवकाश भईसकेपछि उक्त भत्ता प्राप्त भएकोमा सो रकम असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१०,०००

१८.३ **नपाउने प्राविधिक ग्रेड भुक्तानी –** प्रा वि प्रथम शीक्षक श्री गोविन्द प्रसाद आचार्य सरस्वती प्रा वि दानवाङ बाट २०८०।३।०७ मा अनिवार्य अवकाश हुनुभएकोमा निजको प्राविधिक भत्ता नपाउने गरी तलबी प्रतिबेदन पास भएकोमा प्राविधिक भत्ता रु.१,४५६/- को २ ग्रेड रु.२,९१२/- का दरले श्रावण देखि चेत्रसम्म रु. २६,२०८/- र संचयकोष कटी रु.२,६२०/- गरी जम्मा रु.२८,८२८/- बढी भुक्तानी भएको असुल हुनुपर्दछ ।

कालिका मा वि का प्रा वि प्रथम श्री चूडामणी के सी को श्रावण देखि चैत्रसम्मको प्राविधिक ग्रेड रु.१,४५६ दरले २ ग्रेड रु.२,९१२ /- ले जम्मा रु.२६,२०८/- र संचयकोष कट्टी रु.२,६२०/- गरी जम्मा रु.२८,८२८/- बढी भुक्तानी भएको असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	५७,६५६

१८.४ **विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक अनुदानको कार्यसम्पन्न पेश नभएको**

विद्यालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को २.८.५ को कृयाकलाप नं २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धि विभिन्न शिर्षकमा प्रति विद्यार्थी प्रति कार्यक्रम अनुदान तोकिएको छ । जसमध्ये यस भौचरबाट विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक तर्फ २४ वटै विद्यलायलाई मा वि तर्फ प्रति विद्यालय २० हजार तथा आ वि तर्फ प्रतिविद्यालय १५ हजार दरले जम्मा ३,८५,०००/-, त्यस्तै विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च प्रति विद्यालय १२ हजारको दरले रु २,८८,०००/- र प्राविधिक धार सञ्चालन विद्यालय ल्याब सामाग्री सहयोग अनुदान तर्फ जीवन ज्योति मा वि लाई रु २,००,०००/- गरी जम्मा ८,७३,००० यस भौचरबाट खर्च लेखेको छ । उक्त पुस्तकको प्रगति सूचकमा उल्लेख भए अनुसार विद्यालयमा उपलब्ध शैक्षिक सामाग्री र प्रयोगको अवस्था, विद्यालयमा दिएको निकाशा पत्र, अद्यावधिक निर्माण तथा कामको अवस्था, विद्यलायको सामाजिक परिक्षण प्रतिबेदन तथा कार्यसम्पन्न प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८,७३,०००

१८.५ **छात्रवृत्ति तर्फ बढी निकाशा –** कार्यक्रम कार्यान्वयन पुस्तिका को कृयाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृति सम्बन्धि उल्लेख गरेको छ । यसरी छात्रवृति उपलब्ध गराउँदा विद्यार्थी संख्या, निर्णय पुस्तिका, छात्रवृति वितरणको भरपाई तथा विद्यार्थीको नाम नामेसी सहितको विवरणका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । यस पालिकाबाट उपलब्ध गराएको छात्रवृति रकम मध्ये निम्नानुसारको विद्यालयलाई प्रमाण कागजात भन्दबढी छात्रवृत्तिवापत भुक्तानी भएको पाइएकोले सो रकम असुल हुनुपर्ने रु.

छात्रवृत्ति तर्फ	निकाशा	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी
श्री शिद्ध आ वि खाली	४३६००	३५६००	८०००
श्री सरस्वती प्रा वि जामुनेचौर	३९२००	२४४००	१४८००
श्री नेपाल राष्ट्रिय मा वि	८५८००	७७०००	८८००
श्री कालिका मा वि	६२८००	५३६००	९२००
श्री सरस्वती आ वि रातामाटा	२२६००	२१६००	१०००
श्री सरस्वती प्रा वि दानबांग	३४२००	३३०००	१२००
		कुल जम्मा	४३०००

असुल गर्नुपर्ने	४३,०००

१८.६ **पाठ्यपुस्तकको बढी निकाशा –** कार्यक्रम कार्यान्वयन पुस्तिका को कृयाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने उल्लेख छ । सोही अनुसार IEMIS मा प्रविष्टि तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित

गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने र यकिन भएका विद्यार्थी संख्याको आधारमा स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने । विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११ र १२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १ देखि १० सम्मका लागि तेस्रो त्रैमासिकमा अनुदान दिने र यसरि अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने ।शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणमा आधारमा यकिन ग। नपुग हुने मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था गर्ने उल्लेख गरेकोमा यस पालिकाबाट पाठ्यपुस्तक तर्फ यस आ व मा दुईवटा भौचरबाट २४ विद्यालयलाई कुल रु.२७,३९,२३१/- अनुदान खर्च लेखेकोमा विद्यालयबाट प्राप्त विल तथा भरपाई भन्दा बढी विद्यालयले खरिद गरि स्टक राखेको र सो को भरपाई नभएको पाइयो ।विशेष गरी कक्षा ११ मा भर्ना नभएका विद्यार्थीका लागि समेत भर्ना हुने सम्भावित संख्याका आधारमा दोस्रो २५ प्रतिशत अनुदान बाट खरिद गर्ने गरेको पाइयो ।नेपाल सरकारबाट प्रत्येक आर्थिक वर्षमा सशर्त अनुदानको रुपमा प्राप्त हुने रकमबाट स्टक रहने गरी तथा भर्ना हुन सक्ने सम्भावित संख्याको आधारमा अनुदान माग गरी पालिकाबाट रकम खर्च गर्नु उपयुक्त नहुने हूँदा यसरी २५ प्रतिशत रकम माग गर्ने बेलामै भरपाई प्राप्त भइ यकिन नभएको आधारमा बढी रकम खर्च भएको सम्बन्धित विद्यालयबाट असुल हुनुपर्दछ ।

विद्यालयको नाम	पुस्तक खरिद	वितरण	बढी निकाशा
नेपाल राष्ट्रिय मा वि	६६५०९३	५८७६६०	७७४३३.
श्री शिवोदय प्रा वि	३०५००	२०७२२	९७७८
श्री सरस्वती प्रा वि चुङवाङ	१८७१९	१७२२६	१४९३
श्री जनचेतना आ वि	४६३३८	४४५९८	१७४०
श्री शिद्ध आ वि खाली	१०३९७६	९६४६५	७५११
श्री गायत्री आ वि	५६५६३	५१८४८	४७१५
श्री भवानी मा वि	३१६१६२	२९२८८९	२३२७३
श्री विरेन्द्र मा वि	२६०३५४	२५१४६३	८८९१
श्री सरस्वती प्रा वि जामुनेचौर	११०५८८	१०६५४४	४०४४
श्री शिद्ध आ वि ढार	८४७९३	८२६०५	२१८८
जम्मा	१६९३०८६	१५५२०२०	१४१०६६

असुल गर्नुपर्ने	१,४१,०६६

१८.७ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान को अनुगमन –** विद्यालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को २.८.९ को कृयाकलाप नं २.७.१३.१३ अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा

आधारित प्रोत्साहन अनुदान को नमुना विद्यालयमा सेवा अनुवन्धका आधारमा नियुक्ति हुने प्र अ र शिक्षकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान प्रति विद्यालय रु २ लाख उपलब्ध गराउने व्यवस्था अनुसार यस भौचरबाट श्री जीवनज्योति मा वि रिम लाई मिति २०८०।३ ।२१ को गा पा को टिप्पणी र आदेश अनुसार भुक्तानी भएको देखिन्छ ।उक्त अनुदान प्र अ तथा माध्यमिक तहका विषयगत शिक्षकहरुको गुरुयोजना कार्यान्वयन गर्नका लागि छनोट भएका प्र अ तथा विषयगत शिक्षकहरुका लागि एकमुष्ठ अनुदान उपलब्ध गराउने तथा विषयगत शिक्षकहरुसँग कार्य सम्पादन सम्पादन सम्झौता गरी अनुदान उपलब्ध गराउने भन्ने पत्रका आधारमा भुक्तानी भएकोमा उक्त अनुदानको अनुगमन प्रतिबेदन तथा कार्य सम्पन्न प्रतिबेदन, अतिरिक्त कक्षा सञ्चानलन गरेको हाजिरी तथा उपस्थिति लगायतका कागजात माग गर्ने तथा निरीक्षण गर्ने गरेको पाइएन यस्तो कार्यक्रमको प्रभावकारी अनुगमन हुनुपर्दछ ।

१८.८ **विज्ञान प्रयोगशाला स्थापना तथा व्यवस्थापन अनुदान -** २४२ २०८०।३।१७ रु.६,५०,००० /- २४७ २०८०।३।१८ रु.६,५०,०००/- दुइवटै भौचरबाट विद्यालयहरु क्रमश शिद्द आ वि खाली र गायत्री आ वि लाई ६,५०,०००/- दरले विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादन मा आधारिक प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना तथा व्यवस्थापन अनुदान संघिय सशर्त अनुदान रु.१३,००,०००/- भुक्तानि भएको छ ।उक्त अनुदान उपलब्ध गराएकोमा कार्यसम्पन्न प्रतिबेदन, अनुगमन प्रतिबेदन, प्राविधिकको सिफारिस तथा जाँच गरेको, साथै सामाग्री खरिद गरेको सक्कल विल विजक पेश नभएकोले सो पेश हुनपर्दछ ।

(प्रारम्भिक प्रतिवेदन उपर गायत्री आ विको बेरुजु प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०८ को जम्मा रु.६,५०,०००।- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	६,५०,०००

१९ संघिय सशर्त पूँजिगत :

१९.१ **स्यानीटरी प्याड खरिद -** सार्वजनिक खरिद ऐन ,२०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नपर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु एक लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ ।साथै कुनै सामाग्री खरिद गर्दा स्टक रहने गरी खरिद गर्न नुहेन व्यवस्था रहेको छ ।यस पालिकाले परिमाणको अनुमान तयार गर्दा सम्बन्धित विद्यालयको मागको आधारमा तयार गरी जम्मा माग २५४४० संख्या रहेकोमा खरिद गर्दा १०७५० संख्या संयोग फर्माबाट मिति २०८०।३।४ मा रु ८९.२७ दरले रु.९,५९,६५२ /- को खरिद गरि सोही परिमाण पालिकाको जिन्सीमा दाखिला गरेको पाइयो ।उक्त प्याड हालसम्म ५७२८ संख्या मात्र वितरण भई ५०२२ थानको रु.४,४८,३१४/- स्टकमा रहेको देखिन्छ ।खरिद गर्दा विद्यालयको माग भन्दा ४२ प्रतिशत घटी खरिद गरेको देखिन्छ भने उक्त प्याड खरिद परिमाण भन्दा ५३ प्रतिशत घटी मात्र प्रयोग भएको पाइयो । समग्रमा स्यानिटरी प्याड विद्यालयले माग गरेको परिमाण भन्दा २२ प्रतिशत मात्र खपत भएको देखिन्छ ।यसरी मागभन्दा न्यून खपत भइ सामान स्टक रहेको उचित नहुने हुदा बितरणको भरपाइ समेत पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,४८,३१४

१९.२ **विद्यालय भौतिक पूर्वाधार निर्माण –** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । तर देहाय विद्यालयका निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

क्र सं	विद्यालयको नाम	निकासा प्रयोजन	निकासा रु.
१	जिवन ज्योति मा वि रिम	नमुना बिद्यालय भौतिक पुर्वाधार	१०१०००००
२	भवानी आ वि छायानाथ	राष्टपति शैक्षिक सुधार भौतिक पुर्वाधार	५००००००
३	दहवन आ वि	राष्टपति शैक्षिक सुधार भौतिक पुर्वाधार	२५०००००

प्रतिवेदनअनुसार शिक्षक विद्यार्थी अनुपात कम्तिमा श्री जनज्योती प्रा वि कपुरकोट २ सिमलकुना १:१९ जना रहेको छ। शिक्षाको गुणस्तर सुधार गर्न निर्धारित मापदण्डबमोजिम सबै विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी व्यवस्थापन गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	१,७६,००,०००

१९.३ **डण्डिमा बढी भुक्तानी –** भौ नं ४४ २०८०।३।१८ निर्माण कार्यको नापी तथा भुक्तानी नर्म्स बमोजिम हुनुपर्दछ ।शहरी विकास तथा भवन निर्माण विभाग बबरमहलको स्वीकृत गरेको नर्म्स अनुसार भवन निर्माण कार्यमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको ल्याप्स,चियर,वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्स बमोजिम नै थप गरी दर विश्लेषण गरेको (१.०५ के.जी बराबर १ केजि)अवस्थामा जानकी आ वि भवन निर्माण योजनाको भवन निर्माणकार्यको भुक्तानी दिंदा नर्म्स अनुसार दर विश्लेषण गर्दाके वखत ५ प्रतिशत थप गरेपश्चात पुन नर्म्स बेगर मेजरमेन्ट पछी आएको परिमाणमा पुन wastage ५% थप गरी भुक्तानी दिएकोले वास्तविक मेजरमेन्ट भन्दा बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्दछ ।

डण्डिमा थप गरेको प्रतिशत	वेस्टेज देखाएको परिमाण	दर	बढी भुक्तानी
५	८८.१६	१४१	१२४३०

असुल गर्नुपर्ने	१२,४३०

२० **लघुउद्यम विकास कार्यक्रमतर्फ**

२०.१ सोही कार्यक्रमका लागि व्यानर लागत इष्टिमेट अनुसार १ वटा खरिद गर्नेगरी गरेकोमा वादल प्रिन्ट सेन्टरबाट ३ वटा खरिद गरेकोले २ वटा बढी खरिद गरेको देखिन्छ । यसरी आवश्यकता भन्दा बढि खरिद गरेको रु.२,०००/- असुल हुनपर्दछ ।

असुल गर्नुपर्ने	२,०००

२०.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।साथै नेपाल सरकारको कार्यसञ्चालन निर्देशिका २०७७ को कृयाकलाप नं ७.१.१५ मा विविध प्रकारका तालिम तथा सेमिनार, बैठक, अभिमूखिकरण तथा सिप विकास सम्बन्धि कार्यक्रम गर्दा गर्नुपर्ने खर्चको मापदण्ड उल्लेख छ । सोही मापदण्ड अनुसार तालिम सञ्चालन गर्दा स्टेश्नरी वापत प्रति सहभागी रु.१००/- का दरले खर्च गर्न सकिने सिमा तोकिएको छ । यस पालिकाले गरिवीका निवारणका लागि लगु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जाना गर्ने कार्यक्रम अनुसार भएका कार्यक्रममा देखिएका व्योराहरु :

२०.३ सोही कार्यसञ्चालन निर्देशिकाको कृयाकलाप नं ७.१.१५ को २ नम्बर कोलममा सीप विकास सम्बन्धि तालिमको मापदण्ड तोकेको छ ।सो अनुसार ७ कार्यदिन सम्मको तालिम कक्षागत रुपमा र सो भन्दा बढि दिनको तालिमको प्रशिक्षकको पारिश्रमिक आवधिक रुपमा तोक्नुपर्ने उल्लेख छ ।सो व्यवस्था अनुसार वाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्यदिनसम्म प्रतिदिन २ कक्षा लिनुपर्ने गरी प्रतिकक्षा १.५ घन्टा समयावधिको रहने उल्लेख गरी रु.७००/- पालिकास्तरको दर निर्धारण गरेको छ । यस पालिकाले हाते कटाई बुटिक सीप विकास तालिममा प्रशिक्षण गरेवापत प्रशिक्षक शर्मिला नेपालीलाई ६० कार्यदिनको प्रतिदिन रु.१,००० दरले प्रशिक्षण भत्ता र खाना तथा बास खर्च रु.१२,०००/- ले जम्मा रु.७२,०००/- भुक्तानी गरेको छ ।यसरी निर्देशिकामा उल्लेखित दरभन्दा बढी प्रतिदिन रु.३००/- ले ६० दिनको रु.१८,०००/- बढी खर्च लेखेको रकम असुल हुनुपर्दछद ।

असुल गर्नुपर्ने	१८,०००

२०.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । शैक्षिक पँहुच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम परम्परागत विद्यालय, बैकल्पिक विद्यालय,साक्षरता र निरन्तर शिक्षाको कार्यक्रम समेत सिकाई केन्द्रहरु सरस्वति सामुदायिक सिकाई केन्द्र रु.१,४४,०००/- र कपुरकोट सामुदायिक सिकाई केन्द्र रु.१,४४,०००/- भुक्तानी भएकोमा सो को कार्यसम्पन्न प्रतिबेदन पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	२,८८,०००

२०.५ लघु वित्तमा पहुँच सम्बन्धि अभिमुखिकरण कार्यक्रम १,३ र ४ वडामा सञ्चालन गरी खर्च लेखेको पाइयो ।खर्च लेख्दा वडा नं १,२ र ३ मा गरी जम्मा सहभागी ५५ जनालाई रु.१००/- दरले रु. ५,५००/- दिनसकिनेमा विभिन्न विलबाट खरिद गरी रु.७,८२५/- खर्च लेखेको कारण रु.२,३२५/- बढी खर्च भएकोले असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	२,३२५

२१ **बिल भन्दा बढीको भौचरः** (२६०-२०८०-३-२०)

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्वस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस भौचरबाट औषधि खरिद गरि खर्च लेखेकोमा जयमाता सर्जिकल एण्ड केमिकल हाउसको विल नं ८७ २०८०।३।१ को विजकमा रु.९६,३८९/- खर्च लेखेकोमा यस भौचरबाट रु.९९,७७२/- खर्चको भुक्तानी भएकोले विल भन्दा बढी भुक्तानी भएको रु.३,३८३ /असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	३,३८३

२२ **संघिय सशर्त चालु :**

२२.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्वस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालिम तथा गोष्ठि सञ्चालन गर्दा अपनाउनुपर्ने खर्चको मापदण्डको व्यवस्था गरेको छ । यस भौचरबाट सम्भावित उत्पादनको उत्पादकत्व र बजार प्रतिश्पर्दधा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रममा सहायक चौथो गेहेन्द्र के सी को पेश्की फछ्यौंटमा देखिएका व्यहोराहरु : ·

- २०८०।३।२६ मा बृहत हस्तकला तथा लघु उद्यम उत्पादन को प्रद्र्शनी कार्यक्रममा रु.२०,०००/- भन्दा बढीको भुक्तानी पान विल बाट रु २४,३००/- रेलिमै होटल एण्ड लजको विल नं ७२६ मिति २०८०।३।२६ को रु.२४,३००/- को १५ प्रतिशत रु.३,१५९/-असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,१५९

२२.२ **साइड व्याग वितरण कार्यक्रम –** वडा स्तरबाट घटना दर्ता सप्ताह अभियान सञ्चालन कार्यक्रमका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको २०७९।१२।१४ को पत्रानुसार सञ्चालन गर्ने कार्यक्रम रहेको र उत्क कार्यक्रम तथा प्राप्त पत्रा अनुसार स्थानीय सञ्चार माध्यमबाट सूचना प्रकाशन जिङ्गल बजाउने र होर्डिङ बोर्डमा जनचेतनामूलक सन्देश डिस्प्ले गर्ने भनी कार्यक्रम तय भएको देखिन्छ भने यस पालिकाबाट कार्यक्रममा कतै उल्लेख नभएको कार्य गरी न्यू प्रगति सप्लायर्स को विभिन्न विजकबाट रु.१,६००/- दरले ४० वटा side Bag खरिद गरी रु.६४,०००/- खर्च लेखेको देखिन्छ । उक्त साइड व्यागको भरपाई हेर्दा वडा अध्यक्ष ,वडा सदस्य, प्रा स यस पालिका कै कर्मचारीलाई वितरण गरी खर्च लेखेको देखिएकोले यसरी कार्यक्रम मै नभएको शीर्षकमा वितरणमुखी तवरले अनुत्पादक क्षेत्रमा खर्च गरी भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	६४,०००

२२.३ **नियमभन्दा बढी संख्यामा विशेष उपस्थिति –** अर्थ मन्त्रालयको कार्य सञ्चानल निर्देशिका, २०७७ को बुँदा नं ७.१.१.६ मा बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जना मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने उल्लेख छ । यस पालिकाले आ व २०७८।७९ मा स्थापना भएका तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यका लागि भनी विभिन्न मितिमा भएको ११ वटा बैठकको बैठक भत्ता भुक्तानी गरेकोमा विशेष आमन्त्रित भनी विभिन्न समयमा गरी ६५ जना विशेष उपस्थितिमा रहेकोमा बढी ३३ जनाको एकमुष्ठ रु.२३,१००/- बढि भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	२३,१००

२२.४ **सञ्चार बापत बढी भुक्तानी –** यस पालिकाको कार्य सञचालन निर्देशिका, २०७९ को परिच्छेद ६ मा विभिन्न पद तथा जिम्मेवार व्यक्तिहरुको सञ्चार सम्बन्धि व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार शाखा प्रमुख को रु.५००/- तथा इकाइ प्रमुख को रु.३००/- सञ्चार सुविधा प्राप्त गर्न सकिने रहेको तथा औचित्य पुष्ट्याइका आधारमा कारण खुलाई थप सुविधा दिन सकिने व्यवस्था रहेको मा औचित्यताको आधारमा सुजन हमाललाई रु.६,०००/- भुक्तानी हुनुपर्नेमा रु.७,५००/- र विपना वुढामगर लाई रु.८,४००/- हुनुपर्नेमा रु.१३,५००/- भएकोले क्रमश रु.१,५००/- र रु.५,१००/- बढी भुक्तानी भएको देखिएकोले बढी रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	६,६००

२२.५ **विलभरपाई भन्दा बढी भुक्तानी –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।साथै खर्च गर्दा दोहोरो नपर्नेगरी मितव्ययीता अपनाएर खर्च गर्नुपर्दछ ।यस भौचरबाट अन्य विविध खर्च अन्तर्गत आयोजना सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धि विभिन्न बैठकको चियापान लगायत खर्च भनी रु.४७,१७०/- खर्च लेखेकोमा रु.४,६००/- विल भरपाई भन्दा बढी खर्च लेखेकोले उक्त रकम असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	४,६००

२३ **ठाँटीबाट निगालापानी कृषी सडक निर्माण उपभोक्ता समिति –** यस उपभोक्ता समितिले ले रु.१४,७५,०८५.५५ को लागत अनुमान तथा रु.१४,७०,००० को कार्यसम्पन्न गरी भुक्तानी भएकोमा उक्त निर्माण कार्यमा पाइप विछ्याउने कार्यका लागि पाइप खरिद गरी उपभोक्ता समितिलाई रकम भुक्तानी समेत भएको देखिन्छ ।तर सो कार्य सम्पन्न नभएकोले हाल उक्त पाइप जडान नभइ निर्माण स्थलमै रहेको पाइएकोले सो पाइप पालिकाको जिन्सीमा दाखिला गरी सो को प्रयोग तथा जडानगरेको प्रमाण पेश हुनुपर्दछ।

सि न	पाइप	रकम
१	NP३ & ९००mm diameter Humepipe १५Rm @ १२१००	१८१५००
२	NP३ & ६०० mm diameter Humepipe ७.५ Rm @६५००	४८७५०
	जम्मा	२३०२५०

	प्रमाण पेश नगरेको	२,३०,२५०

२४ **मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ :**

२४.१ मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा ३ मा कार्यक्रमको क्षेत्रहरुमा सडक सिँचाई, खानेपानी, नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण, ताल तलैया, जलाशय निर्माण जस्ता कार्यक्रम सञ्चालन गरीने उल्लेख छ । सोही कार्यविधिको दफा ४ मा आयोजनाको छनौट प्रक्रिया उल्लेख छ। सो प्रक्रिया बमोजिम यस पालिकामा ६ वटा योजना छनौटगरी निम्नानुसार कार्यक्रम सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

पालिकाले यस बर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बिभिन्न १४ वटा कार्यक्रम संचालन गरी रु.८७,१९,८२३ ।- खर्च गरेको विवरण पेश गरेको छ । यस कार्यक्रमबाट २२६ जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएको विवरणबाट देखिन्छ । उक्त कार्यविधिको दफा ४(७) मा बजेट बाँडफाट गर्दा कर्णाली प्रदेशका वडास्तरको जनसंख्या, भौगोलिक विकटता, गरीबी लगायतका आधारमा समन्यायिक रुपमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमको योजना छनौट गर्दा प्रति वडा रु. १५ लाखका दरले योजना छनौट गरेको र वडाको जनसंख्या, भौगोलिक अवस्था तथा गरीबीलाई विश्लेषण गरी समन्यायिक वितरण गर्नुपर्नेमा समान वितरण गरेको देखिएकोले समन्यायिक वितरण भएको छ भन्ने आधार देखिएन । कार्यविधीको पालना गरी समन्यायिक वितरणमा ध्यान दिनुपर्दछ।

२४.२ उक्त मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा नं. ५(१) (च) मा निर्देशक समितिले आयोजना छनौट गर्दा अधिकतम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनौट गर्नुपर्ने उल्लेख छ । उक्त व्यवस्था बमोजिम यस पालिकालाई रु. ९० लाख बजेट निकाशा भएकोमा यस पालिकाले आयोजना छनौट गर्दा लागत साझेदारी नगरी सोही रकम मात्र खर्च गर्ने गरी रु. ९० लाख का ६ वटा योजना सञ्चालन गरेकोमा लागत सहभागीता शून्य रहेको देखियो । लागत सहभागीता नहुने योजना छनौट गर्दा योजनाप्रति लाभग्राहीको अपनत्व नहुने र पालिकालाई मात्र योजनाको व्ययभार परेको देखियो । अतः कार्यविधि बमोजिम योजना छनौट गर्दा अधिकतम लागत साझेदारी परिचालन हुने योजना छनौट गर्नुपर्ने देखिन्छ ।

२४.३ मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १६ मा आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिकको सामुहिक दुर्घटना बिमा गर्न सक्ने व्यवस्था छ। यस पालिकाले रु. ९० लाखका ६ वटा योजना कार्यान्वयन गर्दा सामुहिक दुर्घटना बिमा गरेको देखिएन। कार्यविधिको दफा नं. ११ मा कन्टीन्जेन्सी खर्चतर्फ विनियोजित बजेटको २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने र उक्त खर्च शीर्षकमा श्रमिकको सामूहिक दुर्घटना बिमा पनि समावेश भएकोमा विनियोजित बजेटको २ प्रतिशतले हुने रकमबाट उक्त बिमा गर्नसकिने मा कार्यालयले दुर्घटना बिमा नगरी अन्य अनुगमन, मूल्याङ्कन तथा प्रशासनिक शीर्षकहरुमा मात्र खर्च गरेको देखियो । बिमा नगर्दा भविष्यमा आइपर्ने जोखिम वहन हुन नसक्ने देखिएकोले तोकिए बमोजिम बिमा गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

२४.४ **(४५-२०८०-३-१८)-** विस्तृत नापी बेगर भुक्तानीनिर्माण कार्यको खर्च लेख्दा कार्यसम्पन्न प्रतिबेदन, प्राविधिक मुल्यांकन तथा नापी किताब अनुसारको रकम खर्च लेख्नुपर्दछ । उल्लेखित भौचरबाट गाँउघर क्लिनिक भवन निर्माण योजनाको भुक्तानी गर्दा १४,७०,००० पालिकाबाट भुक्तानी भएकोमा उल्लेखित कार्यको विस्तृत नापी बेगरको भुक्तानी भएको देखिएकोले नापी पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

२५ सामाजिक सुरक्षा तर्फ

२५.१ **सामाजिक सुरक्षा** – सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २४ (६) अनुसार बैंकले लाभग्राहीको खातामा रकम जम्मा गरिसकेपछि पहिलो चौमासिकको मंसिर सात गते भित्र, दोस्रो चैत्र सात गते भित्र र तेस्रो असार मसान्त भित्र भत्ता वितरणको विवरण बैंकबाट प्राप्त गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले त्यस्तो फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण लेखापरिक्षणको समयमा माग हुदा लाभग्राहीको प्रकृतिअनुसार लाभग्राहीको खातामा रकम जम्मा गरेको रु.३,०२,०५,९०९।०० रिभर्स फिड प्राप्त भएन । जम्मा गरेको रकम झिकेको बिबरण पेश नभएकोले कार्यालयबाट छानबिन गरी रकम नझिकेको बिबरण बैंक बाट लिइ बाँकी रकम संघिय राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

२५.२ **पारदर्शिता** – सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

२५.३ **विवरण पेश तथा समिक्षा** – सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।

२५.४ **नागरिकता नम्बर दोहोरो** – सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। पालिकाका ६ वटा वडाहरु मध्ये नमुना छनौट गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएका वडा नं. ५ र ६ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो राखि गरीएको देखिन्छ । यसरी विवरण नै अद्यावधिक नगरी बैकलाई विवरण पठाउने गरेको र बैंकले लाभग्राहीको खातामा जम्मा गरी विभिन्न कारण जम्मा हुन नसकेको भत्ता फिर्ता गर्ने गरेको देखिएपनि कार्यालयले सबै वडाहरुको विवरण अद्यावधिक गरी मात्र भत्ता वितरण गर्नुपर्दछ ।

Installment's	Ward	Social Assustance Type Name	Citizenship Number	Member Name	Total Amount
४	५	Senior citizen's allowance-Others	१०३६	Lal bahadur bohara	१२०००
४	५	Senior citizen's allowance-Others	१०३६	tej bahadur khatri	१२०००
४	५	Senior Citizen's Single women's allowance	११२७७९०४४१२२१	Dalli Gharti	७९८०

४	५	Widow	११२७७९०४४१ २२१	Chandrakali Gharti	७९८०
४	५	Widow	११९०४४१२१९	Rotikala Bohara	७९८०
४	५	Full Disability	११९०४४१२१९	Jayakala Sahu	११९७०
४	६	Senior citizen's allowance-Others	५५३०४५।०३	SHASILA KAMI	१२०००
४	६	Widow	५५३०४५।०३	Lila Pun	७९८०

२६ **आन्तरीक लेखापरीक्षण प्रतिवेदन**

२६.१

सैदान्तिक बेरुजु
ल्याब सेवा शुल्क - पालिकामा संचालित स्वास्थ्य तर्फको ल्याब सेवा शुल्क धनबाङ स्वास्थ्य चौकीको नामको रसिदमा काटि सोही संस्थामा जम्मा भएको पाइयो। ल्याब सेवा संचालनमा सम्पूर्ण खर्च पालिकाबाट भए गरेकोले सो सेवा बाफतको आम्दानी पनि पालिकाको आन्तरिक आम्दानी भएकोले सोही बमोजिम गर्नुपर्ने देखिन्छ।
वित्तिय प्रतिवेदनको सार्वजनिकरण- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व ऐन, २०७६ दफा ५६ र नियमावली, २०७७ नियम ७३ बमोजिम प्रचलित कानुन बमोजिम तयार गरिएका वित्तिय प्रतिवेदन तयार गर्न तोकिएको अवधि समाप्त भएको सात दिनभित्र तालुक कार्यालयमा पठाउने एवं बिधुतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्ने कानूनी व्यवस्था रहकोमा सो कार्य गरेको देखिएन ।
नापी किताव र ठेक्का लागत (म.ले.प.फा.नं. ५०३ र ५०६) - आर्थिक कारोवार तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ दफा २५ र नियमावली, २०७७ नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन व्यवस्था रहेको छ । पालिकाले निर्माण कार्यको नापि को परिमाण अभिलेख गर्न म.ले.प.फा.नं. ५०३ र ठेक्काको भुक्तानी व्यवस्थित गर्ने म.ले.प.फा.नं. ५०६ तयार गरेको छैन । कार्यालयले यसमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
बैक हिसाव मिलान - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद ७ मा धरौटी रकम श्रेस्ता र बैक सँग मासिक रुपमा भिडान गर्नु पर्ने व्यवस्था रहेको छ । मासिक रुपमा बैक हिसाव भिडान गरी राखुपर्नेमा कार्यालयले सो गरेको पाइएन ।
कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२५ सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको जाँच बुझ गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने तथा निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाण पत्र दिनु पर्दछ । कार्य सम्पन्न प्रतिवेदन मलेपफा नं ५१० र ५१४ तोकिएको छ तर पालिकाले त्यसो गरेको पाइएन।

२६.२ **आन्तरिक लेखापरीक्षण प्रतिवेदन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९६(३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु सम्बन्धी ब्यहोरा अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरि वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरि बेरुजु लगत कट्टा गरि फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फस्योंट गरेको नदेखिएकाले प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छ ।

२६.३ **बिल/भरपाई बेगर भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९,५६ र ५७ बिल,भरपाईको आधारमा लेखा राख्नु पर्ने र सोहि अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । कपुरकोट गाउँपालिकाका देहायका गो.भौ.नं बाट बिल भरपाई भन्दा बढी हुने गरि भुक्तानी गरेकाले असुल हुनुपर्ने रु

गो.भौ.नं र मिति	व्योहोरा	असुल गर्नुपर्ने रकम रु
भौ.नं.१३५	सं.स.हस्तान्तरित चालु तर्फको भुक्तानीमा गाउवेशी सुचना केन्द्र र पालिका बीच सम्झौता भई २०७९/१२/३० गतेको कार्यदिश बमोजिम साप्ताहिक घटना दर्ता सम्बन्धि ७ वटा रेडियो सन्देश उत्पादन गरि ४९० पटक प्रशारण गर्ने भनिएकोमा बिल पेश गर्दा ४९० पटकको रु. १०० का दरले भुक्तान दिंदा रु. १,०००।— बढि भुक्तान गरेकोले फिर्ता गर्नुपर्ने रु.	१,०००.०० ।-
गो भौ नं १३५ २०७९/१०/०६	गा पा चालु तर्फ वडा कार्यालय मर्मत तथा ग्यारेज निर्माण गर्दा निरज एण्ड दिपशन निर्माण सेवाले पेश गरेको विल भर्पाइमा प्राविधिक शाखाबाट ५% wastage भनि ६३.७२ के जीको रु. १४८.५० प्रति केजी का दरले विल उठाइ भुक्तानी दिएको देखिएकोले बढि भुक्तानी भएको रु. ९,४६२.४२।—	९,४६२.४२ ।-
भौ.नं.४१	सं.स.हस्तान्तरित पुँजीगत तर्फ ICT Lab का लागि श्री जानकी आ.वि डाँग्री लाई अनुदान रकम भुक्तान गर्दा विधालयले पेश गरेको विलका आधारमा रु. ६४२९७०।— मात्र दिनुपर्नेमा रु. ६५००००।— भुक्तान भएको देखिएकोले बढि भुक्तान फिर्ता गर्नुपर्ने रु	७,०३०.००।-
	सडक बोर्ड नेपालबाट प्राप्त रकमको उपभोक्ता समितिबाट कार्य गर्ने गरि सम्झौता भएको र प्राविधिक स्टिमेटका आधारमा विल भुक्तानी भएको देखिन्छ। बिल भुक्तानी गर्दा ग्यावित जाली बाफत प्राविधिक विलमा रु. ६,२७,०००।— उठाइएको तर उपभोक्ताले सो आइटममा जम्मा रु. ४,५७,३३०।- को खरिद विल पेश गरि भुक्तानी पाएको देखिएकोले बढि भुक्तान भएको रकम उपभोक्ता समितिबाट फिर्ता	१,७०,५७०.००।-

	गरिनुपर्ने तथा पालिकाले भुक्तान गर्न बाँकी रकमबाट असुल गरि हिसाब मिलान गर्ने।	
भौ.नं. २२०	गा.पा. पुँजीगत अन्तरगतको वडा नं. ४ को भवन निर्माणमा -PS item मा -Information Board Installation बाफत भुक्तानी भएको तर वोर्डको कुनैपनि कागजात नभएकोले फिर्ता गर्नुपर्ने रु.	५,०००.००।-
भौ.नं. ५४	संघीय सरकारबाट हस्तान्तरित पुँजीगत अन्तरगतको गोठिवन ढनठाना खानेपानी योजना निर्माणमा -PS item मा -Information Board Installation बाफत भुक्तानी भएको तर वोर्डको कुनैपनि कागजात नभएकोले फिर्ता गर्नुपर्ने रु. ५०००।— र -Insurance बाफत रु. १४८५७६.८२।— को कागजात पेश गरि रु. २७००००।— भुक्तान भएको पाइएकोले बढि भुक्तान रकम फिर्ता गर्नुपर्ने ।	१,२६,४२३.१८।—
भौ.नं. २५३	गा.पा. पुँजीगत अन्तरगतको खाली सिन्दुरि रयाले सडक निर्माण योजना -Information Board Installation बाफत भुक्तानी भएको तर वोर्डको कुनैपनि कागजात नभएकोले फिर्ता गर्नुपर्ने	१०,०००.००।-
भौ.नं. २२५	गा.पा. पुँजीगत अन्तरगतको कपुरकोट सातदोबाटो सडक निर्माण योजना -Information Board Installation बाफत भुक्तानी भएको तर वोर्डको कुनैपनि कागजात नभएकोले फिर्ता गर्नुपर्ने	१०,०००.००।-
भौ.नं.१२१	गाउँपालिका पुँजीगत तर्फको किमुचौर रिङरोड मो.बाटो निर्माण योजना वडा नं. ४ अन्तरगत भुक्तानी दिनुपर्ने रु. २८५६७७।- तर रु. २८८०००।— भुक्तान भएकोले बढि भुक्तान फिर्ता गर्नुपर्ने रु	२,३२३.००।-
गो भौ नं ६८	संघिय सरकारबाट हस्तान्तरित चालु तर्फ स्वास्थ्य शाखाले CB-IMNCI अन्तरगत भुक्तानीमा सिनबाङ स्वास्थ्य शाखा प्रमुख श्रीधर लामिछानेले पेश गरेको बिल भर्पाई जोडजम्मा गर्दा बढि भुक्तानी देखिएकोले फिर्ता गर्नुपर्ने रु	१,३१०.००।—
गो भौ नं ६१	गा पा पुँजिगत तर्फ वडा नं १ सडक निर्माण योजना ख को भुक्तानी दिदा Final Bill रु. ५,००,७५१।—को उठाएको पाईयो। मर्मत संभार कोष बापत रु १६,५००।— जोड्दा हुन आउने रकम रु. ५,१७,२५१।— भुक्तान हुनुपर्नेमा रु. ५,२८,०००।— को भुक्तान भएको देखिएकोले सम्बन्धित उ.स. बाट असुल गरिनुपर्ने रकम रु	१०,७४९.००।—

भौ.नं.१४१	सं.स.हस्तान्तरित चालु तर्फको प्रजनन रुग्णता स्वास्थ्य सेवा कार्यक्रमको भुक्तानीमा कालिका अर्डर एण्ड सप्लायर्स कपुरकोट-३ सल्यानलाई बा.१४.च ६३६० नं गाडिको पालिकाले २ दिनको भाडा बापतको रु. १४०००।– भुक्तान गर्नुपर्नेमा रु. १५४००।– भुक्तान गरेको। जिल्ला दररेट भन्दा बढि भुक्तान भएकोले फिर्ता गर्नुपर्ने रु	१,४००.००।-
गो भौ नं १०२	संघिय सरकारबाट हस्तान्तरित चालु तर्फ नयाँ तरकारि बाली पकेट कार्यक्रम संचालनका लागी लालीगुराँस कृषक समुह वडा नं १ लाई पालिकाले सम्झौता बमोजिमको भुक्तान दायित्व बहन गर्दा निर्माण कार्य तर्फको काटिने कन्टिन्जेन्सि रकम पालिका नकाटि भुक्तान गरेको पाइएकोले बढि भुक्तान भएको रकम फिर्ता गर्नुपर्ने रु	१३,२००.००।—
गो भौ नं २५१	व्यावसायिक तरकारि पकेट कार्यक्रम साझेदारिमा गापाले सम्झौता बमोजिमको दायित्व बहन गर्नुपर्ने रकम रु ५०००००।— मा निर्माण कार्यमा कन्टिन्जेन्सि रकम कटाई बाँकी रकम भुक्तान गर्नुपर्नेमा सिनबाङ कृषि सहकारि संस्था लाई १२२००।— कन्टिन्जेन्सि रकम नकटाई भुक्तान भएकोले फिर्ता गर्नुपर्ने रु	१२,२००.००।—

असुल गर्नुपर्ने	३,८०,६६७.६

२६.४ **प्रमाण पेश गर्नुपर्ने** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ नियम ३९,५६र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कपुरकोट गाउँपालिकाका देहायका गो.भौ.नं बाट भुक्तानी दिदा कार्यक्रम पुष्ट्याई हुने कागजात नभएकाले प्रमाणित पुष्टायाई हुने प्रमाण पेश गर्नुपर्ने रु .९,०८,९३०.०४।-

गो.भौ.नं	व्योहोरा	प्रमाण पेश गर्नुपर्ने रु
भौ.नं.३०७	गाउँपालिका चालु तर्फको अध्यक्ष कप तयारिका लागि खेलकुद विकास समिति कपुरकोटलाई पालिका तथा जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा कपुरकोट गाउँपालिकाको व्यवस्थापनको जिम्मेवारि दिईएको देखिन्छ। डि.वि फेशन गार्मेन्टबाट गेमसेट, ट्र्याक सुट तथा अन्य सामग्री खरिदको विल पेश गरेको तर वितरण भर्पाई नदेखिएको। जिन्सि इकाईलाई वचत सामग्री बुझाएको/बुझेको भनिएको तर दाखिला नगरेकोले खर्च एकिन गर्न नसकिएकोप्रमाण पेश गर्नुपर्ने रु.	१,४६,६१७.००।-
भौ.नं.१११	गाउँपालिका पुँजीगत तर्फको सिनबाङ गेरुखोला खानेपानी योजनामा डोर हाजिर फारममा एकमुष्ट रकम रु. २१५९८०।— लेखि	२,१५,९८०.००।—

	भुक्तानी भएको देखिन्छ। कुन कुन व्यक्तिको कति दिनको हाजिरि छ भनि एकिन नभएकोले हाजिरि रेकर्ड राखि प्रमाण पेश गर्नुपर्ने रु.	
गो भौ नं.२५	गापा चालु तर्फको भुक्तानी श्रेस्तामा न्यायिक शाखामा रहेको इजलास काउन्टर निर्माणगर्दा लागत अनुमान बेगर गरिएकोमा निर्माण लागत तयार गरि प्रमाण पेश गर्नुपर्ने रु.	३१,२७८.२०।—
गो भौ नं ३१	गा पा पुँजिगत तर्फ गा पा कार्यालयमा काउन्टर निर्माण कार्य गरेको तर निर्माण लागत स्टिमेट नदेखिएकोले खर्च एकीन गर्न नसकिएको रु	२,४२,१००.००।—
गो भौ नं. १९	गा पा चालु मा भुक्तानी श्रेस्तामा सवारि साधन मर्मत बापत H.B AUTO TRADERS बिल नं. ११५९ ,११६० ,११६१ को जम्मा रकम रु. ५१,३२९.८४।— को original बिल नभएको हुँदा खर्च एकीन नभएको	५१,३२९.८४।—
भौ.नं.४५९	गाउँपालिका चालु तर्फको रेडियो बहस तथा सार्वजनिक सुनुवाई अन्तरगत गाउँबेशि सुचना केन्द्रलाई भ्याट सहित भुक्तान भएको देखिएकोले भ्याट समायोजन पत्र बुझाई प्रमाण पेश गर्नुपर्ने रु	२,२१,६२५.००।-

प्रमाण पेश नगरेको	९,०८,९३०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : कपुरकोट गाउँपालिका, सल्यान , कपुरकोट गाउँपालिका , सल्यान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भरत कुमार ओली	२०७८-११-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	विष्णु प्रसाद आचार्य	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	विष्णु प्रसाद आचार्य	२०७९-४-१	

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,०९६,६११.७	२,८७५,०३४	२२,४६१,९६२	०	०	२०,०००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					४८,४३३,६०७.७
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					८३४,४२६
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					४७,५९९,१८१.७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी	५५५४७४८३	
आम्दानी	**खर्च**	

संघीय सरकारबाट अनुदान	२८,९२,४२,८०९	चालु खर्च	२३,२४,०३,२५०
प्रदेश सरकारबाट अनुदान	२,८३,५३,००८	पूँजीगत खर्च	१९,८९,०१,५५२
राजश्व बाँडफाँट	६,४७,८८,४२७	वित्तीय/अन्य व्यवस्था	१०,०५,०६,२१४
आन्तरिक आय	४४,७६,२२६.०		
अन्य आय	१०,३०,३९,८६६		
कुल आय	४८,९९,००,३३६	कुल खर्च	५३,१८,११,०१६
बाँकी मौज्दात		१,३६,३६,८०३	

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५३,८१,३३,६२५.००	३९,६५,८७,३४८.५३		३९,६५,८७,३४८.५३	३४,८०,३७,४४१.४८		३४,८०,३७,४४१.४८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५३,११,२०,६२५.००	३८,८४,७६,७५५.५३	०	३८,८४,७६,७५५.५३	३४,५५,६०,५८६.४८	०	३४,५५,६०,५८६.४८
११००० कर	११	८,३९,११,०००.००	६,७४,१०,४०९.१८	०	६,७४,१०,४०९.१८	६,५७,९६,४३४.४२	०	६,५७,९६,४३४.४२
१३००० अनुदान		३६,०७,६२,२५०.००	३१,८३,८९,०६७.००	०	३१,८३,८९,०६७.००	२७,६६,२०,४४१.७०	०	२७,६६,२०,४४१.७०
संघीय सरकार	१२	३२,२६,७५,०००.००	२८,९२,४२,८०९.००	०	२८,९२,४२,८०९.००	२५,०२,९४,६८३.००	०	२५,०२,९४,६८३.००
प्रदेश सरकार	१२	३,७२,४४,०००.००	२,८३,०३,००८.००	०	२,८३,०३,००८.००	२,६३,२५,७५८.७०	०	२,६३,२५,७५८.७०
बैदेशिक श्रोत	१२	८,४३,२५०.००	८,४३,२५०.००	०	८,४३,२५०.००	०	०	०
१४००० अन्य राजस्व		२५,५०,०००.००	२६,२५,८५४.३५	०	२६,२५,८५४.३५	१९,१८,७२५.३६	०	१९,१८,७२५.३६
१५००० विविध प्राप्ति		१,००,०००.००	५१,४२५.००	०	५१,४२५.००	१२,२४,९८५.००	०	१२,२४,९८५.००

३२००० वित्तीय सम्पत्ति		८,३७,९७,३७५.००	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		७०,१३,०००.००	८१,१०,५९३.००		८१,१०,५९३.००	२४,७६,८५५.००		२४,७६,८५५.००
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		७०,१३,०००.००	२३,१२,४०५.००	०	२३,१२,४०५.००	४,१५,०००.००	०	४,१५,०००.००
धरौटी		०	५७,९८,१८८.००	०	५७,९८,१८८.००	२०,६१,८५५.००	०	२०,६१,८५५.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		५३,८१,३३,६२५.००	४३,८८,७२,८०९.००		४३,८८,७२,८०९.००	३३,४१,३७,४७८.७०		३३,४१,३७,४७८.७०
ग. भुक्तानी (सञ्चित कोषबाट)		५३,११,२०,६२५.००	४३,३२,९५,८६६.००		४३,३२,९५,८६६.००	३३,०८,९१,३९३.७०		३३,०८,९१,३९३.७०
२१००० पारिश्रमिक / सुविधा	१८	११,६२,३२,५००.००	१०,३३,०८,७७२.००	०	१०,३३,०८,७७२.००	८,६०,९५,३६३.००	०	८,६०,९५,३६३.००
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१६,३४,४३,८५०.००	१२,६१,५६,५७२.००	०	१२,६१,५६,५७२.००	८,४२,३०,१२५.००	०	८,४२,३०,१२५.००
२५००० सहायता (Subsidy)	१८	०	०	०	०	०	०	०
२६००० अनुदान	१८	०	०	०	०	१,०८,३५,५००.००	०	१,०८,३५,५००.००
२७००० सामाजिक सुरक्षा	१८	१३,५०,०००.००	१३,४६,३०६.००	०	१३,४६,३०६.००	२,६८,२५,४३०.००	०	२,६८,२५,४३०.००
२८००० अन्य खर्च	१८	२४,००,०००.००	१५,९१,६००.००	०	१५,९१,६००.००	१५,९४,८००.००	०	१५,९४,८००.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२४,७६,९४,२७५.००	२०,०८,९२,६१६.००	०	२०,०८,९२,६१६.००	१२,१३,१०,१७५.७०	०	१२,१३,१०,१७५.७०

घ. अन्य भूक्तानी		७०,१३,०००.००	५५,७६,९४३.००		५५,७६,९४३.००	३३,४१,३७,४७८.७०		३३,४१,३७,४७८.७०
कोषहरु		७०,१३,०००.००	२१,०५,४०५.००	०	२१,०५,४०५.००	२,५८,६८५.००	०	२,५८,६८५.००
धरौटी		०	३४,७१,५३८.००	०	३४,७१,५३८.००	२९,८७,४००.००	०	२९,८७,४००.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			(४,२२,८५,४६०.४७)		(४,२२,८५,४६०.४७)	१,३८,९९,९६२.७८		१,३८,९९,९६२.७८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			५,५५,४७,४८३.४४		५,५५,४७,४८३.४४	४,१६,४७,५२०.६६		४,१६,४७,५२०.६६
वर्षान्तको बाकी रकम (ङ + च)			१,३२,६२,०२२.९७		१,३२,६२,०२२.९७	५,५५,४७,४८३.४४		५,५५,४७,४८३.४४
बैंक तथा नगद बाकी	२४		१,३३,६२,०२२.९७		१,३३,६२,०२२.९७	५,५५,४७,४८३.४४		५,५५,४७,४८३.४४

बेरूजु दफा १७.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
४७।०७९।११।१५	१ न वडाका विभिन्न सडक मर्मत निमाण उपभोक्ता समिति	सडक कटिङ्ग गरी चौडा गर्ने	३८४०००	दिल शान्ती निर्माण सेवाको जेसिवि	४००६८७
४८।०७९।११।१६	३ न वडाका विभिन्न सडक मर्मत निमाण उपभोक्ता समिति	सडक कटिङ्ग गरी चौडा गर्ने	३८४०००	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	४०२२१२
४९।०७९।११।१६	५ न वडाका विभिन्न सडक मर्मत निमाण उपभोक्ता समिति	सडक कटिङ्ग गरी चौडा गर्ने	३३१२००	थि जी कन्स्ट्रक्सन प्रा लि को जेसिवि	३४४९८९

५०।०७९।११।१९	२ न वडाका विभिन्न सडक मर्मत निमाण उपभोक्ता समिति	सडक कटिङ्ग गरी चौडा गर्ने	५७६०००	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	३००२४६
५६।०७९।११।२६	२ न वडाका विभिन्न सडक मर्मत निमाण उपभोक्ता समिति	कटिङ्ग	२८८०००	भुवनेश्वरी विल्डर्सको जेसिवि	३००२०७
५७।०७९।११।२१	६ न वडाका विभिन्न सडक मर्मत निमाण उपभोक्ता समिति	कटिङ्ग	३८४०००	न्यु बुढाथोकी निर्माण सेवाको जेसिवि	३४०५८२
६१।०७९।१२।६	१ न वडाका विभिन्न सडक मर्मत निमाण (ख) उपभोक्ता समिति	कटिङ्ग	५२८०००	स्वप्निल कन्स्ट्रक्सनको जेसिवि	४५०४३०
७४।०८०।१।१४	गैराडांडा टुनिवोट सल्लेरी मोटरबाटो निर्माण उपभोक्ता समिति	कटिङ्ग	२८८०००	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	२९९९३४
८५।०८०।१।२०	चुकेपानी भुजेनेटा सागिने गैरा मोटरबाटो निर्माण उपभोक्ता समिति	कटिङ्ग	२६४०००	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	३०१६३९
१०५।०८०।२।१०	वडा न ४ का सडक योजनाहरु निर्माण उ स	कटिङ्ग	४६४४४८	स्वप्निल कन्स्ट्रक्सनको जेसिवि	५१४०००
१०९।०८०।२।१०	वडा न २ का सडक योजनाहरु निर्माण उ स	कटिङ्ग	६७२०००	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	६९९२००
११४।०८०।२।१६	टोकनडांडा सल्लेरी मोटरबाटो नि उ स वडा नं ३	कटिङ्ग	१९२३८१	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	२८४७५१

१२०।०८०।२।१७	सालघारी पैद मसानघाट र गैजे सडक नि उ स वडा न ४	कटिङ्ग	१३४०९३	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	२००७२३
१२१।०८०।२।१७	किमुचौर रिङ्गरोड मोटरबाटो नि उ स वडा न ४	कटिङ्ग	२८८०००	न्यु बुढाथोकी निर्माण सेवाको जेसिवि	२९८६६०
१३४।०८०।२।२२	वडा न २ का सडक योजनाहरु निर्माण उ स	कटिङ्ग	६०४८००	थि जी कन्स्ट्रक्सन प्रा लि को जेसिवि	५२७७१०
१४६।०८०।२।२८	लामिडाँडा गौजे सडक तथा खेल मैदान नि उ स	कटिङ्ग	२६४०००	न्यु बुढाथोकी निर्माण सेवाको जेसिवि	१७४८१२
१५०।०८०।२।३१	वडा न ४ का विभिन्न सडक नि उ स	कटिङ्ग	४७५२००	भुवनेश्वरी विल्डर्सको जेसिवि	३०८१५१
१५२।०८०।२।३१	वडा नं १ का विभिन्न सडक नि उ स	कटिङ्ग	४८००००	न्यु बुढाथोकी निर्माण सेवाको जेसिवि	५०००४५
१६१।०८०।३।३	वडा नं ३ का विभिन्न सडक नि उ स	कटिङ्ग	४६५६००	भुवनेश्वरी विल्डर्सको जेसिवि	४८५०५१
१७३।०८०।३।८	खाली खहरे अम्रेडाँडा काले भकम मोटरबाटो नि उ स	कटिङ्ग	१९९२०३	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	४४५४१६
१७४।०८०।३।९	वडाका विभिन्न सडक मर्मत योजना उ स	कटिङ्ग	३८११८०	न्यु बुढाथोकी निर्माण सेवाको जेसिवि	४०००४०
१८४।०८०।३।११	वडा नं ५ का विभिन्न सडक मर्मत योजना उ स	कटिङ्ग	५२८०००	थि जी कन्स्ट्रक्सन प्रा लि को जेसिवि	५११४९९

१९०।०८०।३।१३	वडा नं ४ का विभिन्न सडक मर्मत योजना उ स	कटिङ्ग	३३१६७९	स्वप्निल कन्स्ट्रक्सनको जेसिवि	१२०९००
२२८।०८०।३।२०	वडा नं २ का विभिन्न सडक मर्मत योजना उ स	कटिङ्ग	२२००००	एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि	१९१९३२
	जम्मा		८९०७७८४		८८०३८१६